
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् । eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०



❖ वर्ष ३६ ❖ २०७९ भदौ ११ गते शनिवार // मृत भस्म नबन्दैमा फिल्को भैकन बल्नुछ // 2022 August 27 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०


## ज्येष्ठ नागरिकलाई स्वास्थ्यसम्बन्धी परामर्श

प्रस, परवानीपुर, १० भदौ/

ज्येष्ठ नागरिक सङ्घ, पर्साको



तस्वीरः प्रतीक

आयोजनामा स्वास्थ्यसम्बन्धी परामर्श कार्यक्रम शुक्रवार सम्पन्न भएको छ।

वीरगंज महानगर-१५ लक्ष्मणवास्थित ज्येष्ठ नागरिक पार्कको सभाहलमा 'वृद्धावस्थामा स्नायु रोग रोकथाम' सम्बन्धी स्वास्थ्य परामर्श कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा स्नायु रोग विशेषज्ञ डा अभिषेक चतुर्वेदीले स्नायु रोग लाग्नुका कारण, यसका लक्षण, उपचारको विधि र रोगबाट बच्ने उपायबारे परामर्श दिएका थिए।

ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष जगदीशप्रसाद शर्माको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष पशुपति विक्रम शाह, उपाध्यक्ष उषा शाह, सचिव जुम्माद्दीन शेख हवारी, सहसचिव बैधनाथ कुशवाहा, सदस्य दीपकराज शर्मा, उदयराज शर्मालगायतको सहभागिता रहेको संस्थाका सदस्य विनयराज गौतमले बताए।

कार्यक्रममा चिकित्सक डा चतुर्वेदीले वृद्धावस्थामा सबैभन्दा बढी आउने समस्या नै पक्षघात (ब्रेन ह्यामरेज) रहेकोले त्यसबाट बचन उचित खानपान र जीवनशैली, व्यायाम, योगालगायत गर्नुपर्ने सुझाव दिएका थिए।

वृद्धावस्थामा गलत खानपानका कारणले रक्तचाप बढ्ने र त्यसपछि रोगहरू लाग्ने गरेको उनले औंल्याएका थिए। उनले वृद्धावस्थामा सानो घाउ, खटिरा अथवा रोगलाई बेलैमा उपचार गराउनुपर्ने नत्र सानो रोगले ठूलो रोग निम्त्याउन सक्ने बताए।

## बारा जिल्लामा वन मुद्दा घट्यो

नितेश कर्ण, वीरगंज, १० भदौ/

बारा जिल्लामा आव २०७७/७८ को तुलनामा २०७८/७९ मा वनसम्बन्धी मुद्दामा कमी आएको छ। डिभिजन वन कार्यालय, बाराका प्रमुख वन अधिकृत विनोद सिंहले आव २०७७/७८ मा वनसम्बन्धी ४८ वटा मुद्दा दर्ता भएकामा आव २०७८/७९ मा ४३ वटा मुद्दा दर्ता भएको बताए।

उनले आव २०७७/७८ मा ७७ जना प्रतिवादी पक्राउ परेको र १०३ जना फरार रहेको बताए। यसैगरी, सो वर्ष सालको काठ १२२ थान (५८६.७३ क्युफिट), चिरान साल ९३ थान (९२.१७ क्युफिट), सिसौं दुई थान (६.०६ क्युफिट) र बाफ्री दुई थान (८.३३ क्युफिट) काठ बरामद भएको बताए।

सो वर्ष ९१ वटा साइकल, २८ वटा बन्चरो, १२ वटा आरा, एउटा रेती, तीनवटा खुर्पा, एउटा पिकअप गाडी नियन्त्रणमा लिएको र २९ लाख ६० हजार ५६४ धरौटी रकम जम्मा भएको बताए।

आव २०७८/७९ मा ५८ जना प्रतिवादी पक्राउ परेको, ५९ जना फरार रहेको तथा सालको गोलिया ८० थान


बाराका प्रमुख वन अधिकृत विनोद सिंह। तस्वीरः प्रतीक

(२६५.५२ क्युफिट), चिरान साल १७२ थान (१०९.२४ क्युफिट), टिक चार थान (१६.४२ क्युफिट), सिसौं १२ थान (७५.३० क्युफिट), खयर एक थान (३.६ क्युफिट), सतिसाल दुई थान (१.६८ क्युफिट) र कुकाठ दुई थान (१.६० क्युफिट) बरामद भएको बताए।

सो वर्ष ६८ वटा साइकल, २२ वटा बन्चरो, ९ वटा आरा, एउटा खुर्पा, एउटा मोटरसाइकल, ट्रेलरसहित ट्याक्टर र एउटा स्कूटी बरामद भएको तथा २६ लाख ७४ हजार २५५ रुपैयाँ धरौटीबापत जम्मा भएको जानकारी गराएका थिए।

## शिक्षामा व्यापक अनियमितता –नगरप्रमुख साह

प्रस, रौतहट, १० भदौ/

गौर नगरपालिकाका प्रमुख शम्भु साहले नगरको शिक्षामा व्यापक कमीकमजोरी रहेको बताएका छन्। शुक्रवार समाजवादी प्रेस सङ्गठनको प्रथम स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले नगरको शिक्षा सुधार गर्न योजनाबद्ध तरीकाले लागिरहेको बताए।




एक हप्तापछि योजनाबद्ध शिक्षामा कार्य गर्ने नगरप्रमुख साहले प्रतिबद्धता जनाए। आधारभूत विद्यालयमा अध्यापन गरिरहेका कमजोर विद्यार्थीलाई थप कक्षा सञ्चालन गरी शिक्षाको गुणस्तर बढाउने लक्ष्यअनुरूप कार्य गर्न नगरप्रमुख साहले आग्रह गरे।

देशकै पुराना विद्यालयमध्ये एक गौरको जुद्ध माध्यमिक विद्यालयमा व्यापक आर्थिक अनियमितता भएको आरोपसमेत उनले लगाए।

सो विद्यालयका प्रधानाध्यापकले ९९ लाख रुपियाँ हिनामिना गरेको गौर नगरपालिकाबाट गठित अनुगमन टोलीको प्रतिवेदनले जनाएकोसमेत नगरप्रमुख साहले आज सार्वजनिक गरे।

पत्रकारिताको धर्म सत्य, निष्पक्ष र स्वतन्त्र रहनुपर्ने उनले उल्लेख गरे।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका सदस्य शैलेन्द्र झाले कुन किसिमको पत्रकारिता गर्ने हो पाठकवर्गले मूल्याङ्कन गर्ने बताए।

जिल्लामा भइरहेका अनियमिततालाई हटाउन नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाबाट कदम चाल्नुपर्ने उनले सुझाव दिए। अनुशासनहीन भई पत्रकारिता गर्नेलाई सदस्यता नदिन उनले सुझाव दिए।

कार्यक्रममा पत्रकार प्रभात झाले रौतहटमा पत्रकारिताको विकासबारेका चर्चा गरेका थिए। समाजवादी प्रेस सङ्गठनका केन्द्रीय सदस्य प्रेमचन्द्र झाले रौतहटको पत्रकारितामा रहेको कमीकमजोरी हटाउन मुश्किल भइरहेको बताए। समाजवादी प्रेस सङ्गठनका जिल्ला अध्यक्ष दिनेश यादवको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य शैलेन्द्र गुप्ता, मधेस प्रदेश उपाध्यक्ष प्रवीण शर्मा, महासङ्घका कोषाध्यक्ष धर्मेन्द्र साह, समाजवादीका जिल्ला सदस्य गीतादेवी कुशवाहालगायतका वक्ताहरूले मन्तव्य व्यक्त गरेका थिए।

## आइतवारदेखि सामुदायिक विद्यालय साताको लागि बन्द

प्रस, परवानीपुर, १० भदौ/

भदौ १२ गते अर्थात् आइतवारदेखि देशभरका सामुदायिक विद्यालयहरू बन्द गर्ने कार्यक्रम सार्वजनिक भएको छ। नेपाल विद्यालय कर्मचारी परिषद् राष्ट्रिय समिति काठमाडौंले विज्ञप्ति जारी गर्दै देशभरका सामुदायिक विद्यालय बन्द गर्ने आन्दोलनको कार्यक्रम अनुसार बन्द आह्वान गरिएको परिषद्का अध्यक्ष गङ्गाराम तिवारीले जनाएका छन्।


तस्वीरः फाइल

भदौ १२ देखि १८ गतेसम्म सात दिने बन्द कार्यक्रम रहेको र १९ गते देशभरका विद्यालय कर्मचारीहरूको काठमाडौंमा प्रदर्शन गर्ने कार्यक्रम रहेको विज्ञप्तिमा उल्लेख छ। सामुदायिक विद्यालयमा कार्यरत कार्यालय सहयोगी, लेखापाललगायत कर्मचारीहरूको दरबन्दी सिर्जना गर्नुपर्ने, सरकारले हरेकपटक बढाउनुपर्ने तलब समानरूपमा बढाउनुपर्ने, ६० वर्षपछि अवकाश पाउँदा शिक्षकसरह सुविधा पाउनुपर्नेलगायतका मागहरू राख्दै विद्यालय कर्मचारीहरूले चरणबद्ध आन्दोलन गर्ने भएका छन्।

यस विषयमा शिक्षा मन्त्रालयले पटक-पटक परिषद्सँग वार्ता गर्ने गरेको, सहमति गर्ने गरेको तर सहमति कार्यान्वयन नगरिएकाले आन्दोलन गर्नुपरेको परिषद्का पदाधिकारीहरूको भनाइ छ।

*प्रस, पंचगावाँ/*

सामुदायिक विद्यालयमा कार्यरत कार्यालय सहयोगीहरूको तलबभत्ता र राज्यले तलब वृद्धि नगरेको भन्दै नेपाल विद्यालय कर्मचारी परिषद् राष्ट्रिय सहमतिले भदौ १२ देखि १८ गतेसम्म सात दिन सामुदायिक विद्यालय बन्द गर्ने निर्णयलाई पटेर्वासुगौलीले समर्थन गरेको छ।

पटेर्वासुगौली गाउँपालिका विद्यालय कर्मचारीका संयोजक केशराज थारूले सो अवधिमा गापाका सामुदायिक विद्यालयहरू बन्द रहने जानकारी गापा कार्यालयलाई गराइसकेको बताए। सामुदायिक विद्यालयहरूको माग सम्बन्धमा नेपाल राहत शिक्षक जिल्ला सङ्घर्ष समिति, पर्साका अध्यक्ष श्याम घिमिरेले विज्ञप्ति जारी गरी ऐक्यबद्धता जनाएका छन्।

उनले विद्यालयमा सबैभन्दा बढी परिश्रम विद्यालय कर्मचारीहरूले गर्ने भएका हुनाले उनीहरूको तलब वृद्धि राज्यले यथाशीघ्र पूरा गर्नुपर्ने माग राखे।

## निहारिकालाई प्रदेश सरकारद्वारा पाँच लाख रुपैयाँ आर्थिक सहयोग

प्रस, जनकपुरधाम, १० भदौ/

कुमारी आमा निहारिका सिंह राजपूतलाई मधेस प्रदेश सरकारले पाँच लाख रुपैयाँ आर्थिक सहयोग दिने निर्णय गरेको छ।

शुक्रवार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले उनलाई पाँच लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिए। निहारिकाको आर्थिक अवस्था कमजोर रहेकोले अदालतमा मुद्दा लड्न सहयोग गर्नु सरकारको दायित्व भएको मन्त्री साहले बताए।

प्रदेशका मुख्य न्यायाधिवक्ता दीपेन्द्र झाको सिफारिशमा प्रदेश सरकारले निहारिकालाई सहयोग गरेको हो। विवाह नहुँदै बच्चा जन्माएकी निहारिकाले न्याय माग्दै विभिन्न चरणको आन्दोलन गरि सकेकी छन्। धनुषाको क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगरका शिवराज श्रेष्ठले बलात्कार गरेपछि बच्चा जन्मिएको भन्दै निहारिकाले श्रेष्ठविरुद्ध मुद्दा दिएकी थिइन्। जिल्ला अदालत धनुषाले २०७८ माघ २४ गते जबरजस्ती


तस्वीरः फाइल

करणी नभएको फैसला सुनाएको थियो।

सोपश्चात् उनले आफ्नो बच्चा र आरोपित पुरुषको डिएनए चेक गर्न र आफूलाई न्याय दिन माग गर्दै अनशन, आमरण अनशन हुँदै आत्मदाहको प्रयाससमेत गरिसकेकी छन्। दोस्रोपटक अनशनको क्रममा निहारिकाले राष्ट्रपति भवनअगाडि आत्मदाहको प्रयास गरेपछि द्रुतमार्गमा मुद्दाको सुनुवाइ अघि बढाइएको छ।

गत भदौ ८ गते उच्च अदालत जनकपुरले दुवैजनाको डिएनए परीक्षण गर्न आदेश दिएको छ। बलात्कार आरोपी शिवराजलाई अभद्र व्यवहारको मुद्दामा म्याद थप गरेर थुनामा राखिएको छ।

## अख्तियारमा परेको उजूरीलाई पैसा कमाउने माध्यम बनाएको प्रदेश सभामुखको आरोप

प्रस, महोत्तरी, १० भदौ/

अख्तियारमा परेको उजूरीलाई त्यहाँका पदाधिकारी र कर्मचारीले पैसा कमाउने माध्यम बनाउने गरेको मधेस प्रदेशका सभामुख सरोजकुमार यादवको आरोप छ।

शुक्रवार महोत्तरीको बर्दिबासमा आयोजित 'सङ्घीय शासण प्रणाली सबलीकरण' विषयक अन्तर्क्रिया कार्यक्रममा सभामुख यादवले सो आरोप लगाएका हुन्। उनले आफ्नै घर भएको पालिका बाराको सिम्रौनगढ नगरपालिकाको उदाहरण दिँदै भने, "बाराको सिम्रौनगढमा प्रदेश सरकारले दुई वर्षअघि रु दुई करोड विकासका निम्ति पठाएको थियो।

त्यो रकम कुनै कामै नगरी खर्च गरेको पाइएको छ," उनले अगाडि थपे, "उपभोक्ता समिति बनाएर कुनै कामै नगरीकन कर्मचारीले पैसा झिकेको गुनासो आएपछि संसदीय समिति बनाएर हामीले अनुगमन गऱ्यौं। त्यस क्रममा एक रुपैयाँको पनि काम भएको पाइएन।"

त्यसपछि फोनमार्फत समय मागेर पूरै टीम काठमाडौं गई अख्तियारका प्रमुख आयुक्तलाई भेट्न खोज्दा समय नदिएको उनले बताए। उनले भने, "त्यही पनि हामीले मुद्दा दर्ता गरायौं, मुद्दा दर्ता गराएको दुई वर्ष भइसक्यो, एकजना पनि हेर्न आएका छैनन्। अहिले थाहा पाएँ अख्तियारले फोन गरेर कर्मचारीलाई बोलाएर सेटिङ गरेको छ। यही हो सङ्घीयता ?"

प्रदेश सभामुख यादवले प्रदेश सरकारलाई अधिकारविहीन बनाएको कारण मुलुकमा बढी भ्रष्टाचार भएको दाबी गर्दै संसारकै भ्रष्ट मुलुकको सूचीमा नेपाल परिसकेको बताए। उनले अदालतमा पनि घूसविना न्यायाधीशले फैसला नगर्ने गरेको कुरा सञ्चारमाध्यममा आइरहेको बताए।

## विचारसार र सूक्तिहरू

**महत्त्वाङ्क्षा त्यो राख जसले आफू र दुनियाँको भलो गरोस् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## मिटरब्याजी

**केही वर्ष पहिलेसम्म मुलुकको अर्थतन्त्र 'ढुकुटी'ले बर्बाद पारेको थियो। ढुकुटीको कारण कैंयन घरपरिवार, जायजेथा गुमाएर सडकमा पुगे, कैंयन व्यक्ति गुमनाम छन् भने कैंयनले आत्महत्यासमेत गरे । विशेषगरी शहरी क्षेत्रमा केन्द्रित ढुकुटीलाई कानूनी मान्यता थिएन। सरकारले कडा कारबाई गर्न थालेपछि 'ढुकुटी' हरायो । आजभोलि मिटर ब्याजको चर्चा छ। मिटर ब्याज एक किसिमको घरायसी लेनदेन तथा आर्थिक कारोबार हो। घरायसी लेनदेनलाई कानूनले मान्यता दिएको छ। तर त्यो नीति नियम, ऐन, कानूनको परिधिभित्र रहनुपर्छ । उल्लिखित परिधिभित्र नबसेर गरिने घरायसी आर्थिक कारोबार नै मिटर ब्याज हो । अर्थात् मिटर जस्तै घुमिघुमी साँवाको ब्याज, ब्याजको स्याज र ठेकी कोसेलीसमेत लिनु मिटर ब्याज हो। मिटरब्याजीहरूले ऋणीलाई आफ्नो काबुबाट उम्कनै नसक्ने गरी कानूनी बन्धनले बाँधेका हुन्छन्। उनीहरूले दिएको ऋणभन्दा १२ गुणासम्म बढी रकमको तमसुक बनाएको पाइयो । त्यसैगरी, ऋणभन्दा बढी मूल्य पर्ने घर, जमीन वा जायजेथा साहुको नाममा नामसारी गरिन्छ। चलनचल्तीको भन्दा सामान्तया १० गुना बढी ब्याज तिर्नुपर्ने मिटर ब्याजको रकममा २० देखि ३० प्रतिशतसम्म मिटरब्याजीले ऋण दिने बेलामा नै काटेर राख्छ ।**

**पुरानो जमानामा साहुले यसैगरी असामीलाई कज्याएका हुन्थे । त्यति बेला बैंक, सहकारी तथा वित्तीय संस्थाहरू थिएनन् । हरेक समस्यामा साहुबाट ऋण काढ्नै पर्ने सर्वसाधारणको बाध्यता थियो। साहुको ब्याज अचाक्ली तिर्नुपर्ने हुँदा वर्षभरि कमाएको अन्न, चौपाया बेचेर ब्याज पनि चुक्ता हुँदैन थियो। अन्ततः आफूसँग भएको जग्गाजमीनसमेत साहुलाई बुझाएर उनैकोमा हली बस्नुपर्ने अवस्था आउँथ्यो । कतिपयले आफ्ना छोराछोरी साहुलाई सुम्पन्थे। राणाविरोधी विद्रोहदेखि विभिन्न सङ्घर्ष, आन्दोलन, जनान्दोल हुँदै माओवादी युद्धसम्म आइपुग्दा मुख्य मुद्दा 'साहुको तमसुक च्यात्ने' रह्यो। आजको मिटरब्याजी, हिजोको ढुकुटीभन्दा फरक, पुरानो साहुको परिमार्जित रूप हो । परिमार्जित रूप पुरानोभन्दा खतरा हुन्छ। दश लाख ऋण लिएको व्यक्तिले एक करोड रुपैयाँ बुझाइसक्दासमेत ऋण चुक्ता नभएको घटना सार्वजनिक भएका छन् । बुबाले लिएको मिटर ब्याज छोराले तिरिसकेर पनि जग्गाजमीन फिर्ता नपाएका गुनासाहरू आएका छन् । मिटरब्याजीले ब्याजबापत ऋणीसँग शारीरिक सम्पर्कको प्रस्ताव राखेका कुराहरू खुलासा भएका छन् ।**

**हालै सप्तरीका एकजना मिटरब्याजीले ऋणीलाई बाध्यतामा पारी यौन शोषण गरेको घटना प्रकाशमा आएपछि प्रधानमन्त्री शेरबहादुर देउवाको यसतर्फ ध्यान गयो । कारबाहीका लागि गृह मन्त्रालयले सार्वजनिक सूचना प्रकाशित गरेको छ । प्रधानमन्त्री तहबाटै चासो देखाएकाले चर्चित घटनामा कारबाही हुने अपेक्षा गर्न सकिन्छ। तर ओझेलमा रहेका कैंयन मिटरब्याजीहरूको चर्तिकला सार्वजनिक भएका छैनन्। उजूरी आह्वान गरिए पनि मिटरब्याजीसँग घरायसी लिखत छ। अदालतको सहारा लिन सक्ला। सबैभन्दा पहिले सरकारले घरायसी तमसुक वा लिखतलाई सरकारी अभिलेखमा ल्याउनै पर्ने बाध्यात्मक कानून लागू गर्नुपर्छ । वास्तविक ऋणलाई मात्रै अभिलेखमा ल्याउने वातावरण निर्माण गर्नुपर्छ । वित्तीय संस्थाहरूको झन्झटिलो प्रक्रियाले पनि मिटरब्याजीलाई ऊर्जा मिलेको छ। यसर्थ सहज ऋण [redacted] जरुरी छ ।**

# असल राजनीतिक व्यक्तित्व प्रदीप गिरी

स्वतन्त्र विचार

सुदर्शनराज पाण्डे

**रातदिन काङ्ग्रेसको नेता रहनुभएका गिरी नेपालीको चाहना भएर पनि नेपालको प्रधानमन्त्री हुन सक्नुभएन तर राजनेतामा हुनुपर्ने गुणलाई दृढतापूर्वक अघि सार्नुभयो । उहाँ राजनीतिकरूपमा सत्यवादी हुनुहुन्थ्यो । सत्य र यथार्थ कुरा भन्न र बोल्न उहाँ कहिले चुक्नुभएन ।**

असल राजनीतिक व्यक्तित्व प्रदीप गिरीले बाँचुन्जेल सम्मानित र सार्थक जीवन बिताउनुभयो, मृत्युपर्यन्त पनि उच्च सम्मान पाउनुभयो । यो अवसर सबैले चाहेर पनि पाउन सक्दैनन् । प्रत्येक मानिसले जन्म लिएपछि यस धर्ती छाडेर विलीन हुनैपर्छ। समाजवादी नेता प्रदीप गिरी पनि स्वाभाविक मृत्युबाट यस संसार छाडेर सदाका लागि बिदा हुनुभएको छ, अलबिदा प्रदीप गिरी । राजनीतिक दूरदृष्टि भएका नेपाली काङ्ग्रेसका मात्र नभएर देशकै नेता आदरणीय प्रदीप गिरीमा भावपूर्ण श्रद्धाञ्जलि तथा शोकसन्तप्त परिवारमा गहिरो समवेदना ।

मैले पहिलोपटक २०४१ सालमा प्रदीप दाइ र उहाँकी धर्मपत्नी भारती सिलवाललाई काठमाडौंमा भेटेर आफ्नो परिचय दिएको थिएँ। त्यसपछि दिल्ली गएको बखत बाऱ्ह खम्बा रोडनजीक उहाँसँग पत्रकार श्रीविलास दाहाल र मेरो अचानक भेट भयो। दुई दिनसम्म उहाँसँग बिताइयो । त्यहाँ बस्दा उहाँको कोठामा आएको र बाटोमा भेट भएका भारतीय जनता र नेताहरूले उहाँलाई सम्मानपूर्वक नमस्कार, खुट्टासमेत ढोकेको देखियो । प्रदीप गिरीको अनुरोधमा महत्त्वपूर्ण पुस्तकहरू राखिएको एउटा ठूलो बाकस हामीले रेलयात्रा हुँदै उहाँको जन्मथलो सिराहाको बस्तीपुरको घरमा पुऱ्याएका थियौं । पटक-पटक उहाँसँग विभिन्न कार्यक्रममा काठमाडौं, वीरगंज र विराटनगरमा भेट भएको थियो । नेपालमा पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आएपछि पहिलो संसदीय निर्वाचनमा सिराहामा केही दिन उहाँसँग बिताएको छु। मलाई मत होइन काङ्ग्रेसलाई मत, रूखलाई मत भनेर मतदातासमक्ष पुगेर मत मागेको देख्दा अनौठो लागेको थियो । सिराहाको निर्वाचन क्षेत्रका जनताले उहाँलाई हराएर नेकपा एमालेका धर्मनाथ साहलाई जिताएका थिए। चुनाव हारेपछि उहाँले हरेस खाएको देखिएन । प्रजातान्त्रिक समाजवादका प्रखर प्रवक्ता प्रदीप गिरीको समसामयिक प्रवचन सुनिरहेका सबैलाई सुनिरहुँजस्तो लाग्थ्यो। गिरीको प्रवचन काङ्ग्रेस कार्यकर्ताले मात्र होइन सबै दल र सबै राजनीतिक विचारका व्यक्तिले मन्त्रमुग्ध भएर सुनेको र प्रशंसा गरेको देखिन्थ्यो । गिरीले व्यक्त गर्नुभएको समसामयिक विचारले नेपाल र भारतका पत्रपत्रिकामा प्राथमिकताका साथ स्थान पाउँथ्यो। महान् प्रजातान्त्रिक नेता विपी कोइरालाको देहावसानपछि कोइराला परिवारद्वारा उपेक्षित गिरीलाई बाहिर वेटिङ प्राइममिनिस्टर भनेर चर्चा गरेको पाइन्थ्यो । रातदिन काङ्ग्रेसको नेता रहनुभएका गिरी नेपालीको चाहना भएर पनि नेपालको प्रधानमन्त्री हुन सक्नुभएन तर राजनेतामा हुनुपर्ने गुणलाई दृढतापूर्वक अघि सार्नुभयो। उहाँ राजनीतिकरूपमा सत्यवादी हुनुहुन्थ्यो। सत्य र यथार्थ कुरा भन्न र बोल्न उहाँ कहिले चुक्नुभएन। एउटा सच्चा आलोचकमा हुनुपर्ने गुण र व्यक्तित्व दुवै उहाँमा थियो । उहाँको दिवङ्गत आत्माले सदैव चिरशान्ति पाउनेछ। उहाँले संसार छाडेर गए पनि, भौतिक शरीर नरहे पनि, उहाँको नाम र विचार धेरैले बिर्सन सक्दैनन्। पवित्र राजनीतिक आत्मा भएका गिरी क्यान्सर रोगले थलिएर बस्दा धेरैले पीडाको अनुभव गरेका थिए । हे दैव ! भनेर स्वास्थ्यलाभको कामना गर्दागर्दै उहाँको मृत्यु भयो। मृत्यु शाश्वत सत्य हो। यो कसैले चाहेर रोक्न सकिंदैन । हामीले पनि सकेनौं। उहाँको योगदान र नामलाई हामीले सम्झिरह्यौं, स्मृति गरिरह्यौं भने उहाँ अमर रहनुहुन्छ।

उहाँको मृत्युपर्यन्त उहाँका बारेमा विभिन्न धारणा प्रकट भएका छन् । सूक्ष्म र महान् नेता हुन्, प्रदीप गिरी। निश्चितरूपमा नेपालको राजनीतिका असाधारण व्यक्तित्व प्रदीप गिरीले कहिले सत्य कुरा लुकाउनुभएन । गलत कुराविरुद्ध खबरदारी गरिरहनुभयो । जसले गर्दा उहाँलाई प्रखर दीप भन्दा अत्युक्ति नहोला । बाँचुन्जेल असली व्यक्तित्व र चरित्र नचिन्ने, मरेपछि व्याख्या र वर्णन गर्ने बानी पनि राम्रो होइन।

प्रदीप गिरीका बारेमा विभिन्न व्यक्तिहरूबाट व्यक्त भएका विचारहरू यस प्रकार छन्।

प्रदीप गिरीलाई सत्ता र शक्तिमा रहेका नेताले पनि कहिल्यै हेप्न सकेनन्। सत्ताको भोक उहाँमा थिएन तर संसद् र दलको मञ्च चाहनुहुन्थ्यो। जनता र दलसँग जोडिन दलको केन्द्रीय कार्यसमितिमा सदैव बस्नुभयो। प्रदीपजी अलख जगाएर खाने जोगी होइन, विचार जगाउने जोगी हुनुहुन्थ्यो ।

–दुर्गा सुवेदी

काङ्ग्रेसमा लागेको बारेमा गिरीको जवाफ हुन्थ्यो म पूर्ण राजनीतिक प्राणी होइन, राजनीतिको पोखरीमा चुर्लुम्म डुब्न चाहिनँ। काङ्ग्रेस खराब भएपनि व्यक्तिगत स्वतन्त्रतामा प्रहार गर्दैन ।

–कुलचन्द्र न्यौपाने

प्रदीप गिरीले रामायण, महाभारत, पुराण, मार्क्स, गाँधी, विपी, सङ्गीत, साहित्य, कला, संस्कृति आदि पढेर पचाउनुभयो। त्यसले उहाँलाई ज्ञान दियो, प्रज्ञा दियो। अनि दियो आधिकारिकता, त्यो ज्ञानको सत्ता बन्यो। त्यसमा सुदीर्घको राजनीतिको संस्कार मिसियो । अनि बन्यो प्राधिकारसहितको प्रदीप गिरी ब्रान्ड।

–शङ्कर तिवारी

समाजवादका प्रतिबद्ध नायक थिए, प्रदीप गिरी । प्रदीपजीको व्यक्तित्व बहुआयामिक थियो । तीमध्ये मुख्य बहुभाषिक हैसियतमा उहाँ हाम्रो मधेस तथा पहाडबीचको पक्का पुल हुनुहुन्थ्यो। दलभित्र पनि एक्लै हिंड्न सक्ने, सत्ताको स्वार्थ नभएका भिन्न सोचविचारका नायक हुनुहुन्थ्यो ।

–दमननाथ ढुङ्गाना

मधेस आन्दोलनन मात्र होइन, २०३६, २०४२, २०४६ को जनआन्दोलन, जनयुद्ध, २०६३ को जनआन्दोलनलाई पनि सफल बनाउन गिरीजीको भूमिका ठूलो थियो। हरेक आन्दोलन र पीडित जनसमुदायको आवाज उनी थिए। मधेस आन्दोलनका जानिफकार थिए । विभेदमा परेका आदिवासी, जनजाति, मधेसी, दलितका आवाज थिए, उनी।

–उपेन्द्र यादव

देशलाई रूपान्तरणको ढङ्गबाट अघि बढाउन स्पष्ट दृष्टिकोण दिनुहुने गिरीजी बौद्धिक व्यक्तित्वका रूपमा स्थापित राजनीतिक प्रेरणाको स्रोत हुनुहुन्थ्यो । उहाँ सदैव समाजसेवामा मात्र राजनीतिलाई प्रयोग गर्नुभयो।

–पुष्पकमल दाहाल

नेपाली काङ्ग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य प्रदीप गिरी समावेशी राजनीतिका प्रखर वक्ता नेता थिए । उहाँलाई राजनीतिमा मात्र होइन, अन्य क्षेत्रका जानकारहरूले आआफ्नो क्षेत्र तथा समुदायको विषय विज्ञ र नेताका रूपमा स्मरण गर्छन्।

–रामेश्वर राय

सिराहाको बस्तीपुरमा स्थायी घर भई हाल भीमसेन गोला काठमाडौंमा बसोबास गर्दै आउनुभएका प्रदीप गिरीको उपचार गर्दागर्दै भदौ ५ गते मृत्यु भयो। उहाँको बस्तीपुरमा समाधि गरिएन । काठमाडौं आर्यघाटमा अत्येष्टि गरियो। उहाँको अन्त्येष्टिका अवसरमा सबै पक्षका मानिसहरूको अपार भीडले भावपूर्ण श्रद्धाञ्जलि अर्पण गऱ्यो । राष्ट्रपति विद्यादेवी भण्डारीले प्रदीप गिरीप्रति श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ। कोही पनि मानिस दोषबाट मुक्त हुन सक्दैन, प्रदीप गिरीको दोषलाई गुणले जितेको थियो। उहाँ राजनीतिमा बदनाम नभएको सुपात्र हो।

भारतमा रहेर अध्ययन गर्नुभएका नेपालको सम्भ्रान्त गिरी परिवारको सदस्य प्रदीपलाई भारतको दोषी चश्माले पनि हेर्ने गरिन्थ्यो। नेपाल, भारत जहाँ गए पनि उहाँले व्यक्त गर्नुभएको विचारले सम्मान पाउँथ्यो। नेपालका एक स्थापित बौद्धिक, प्रजातान्त्रिक, समाजवादी नेता गिरीले विपी पथलाई अघि सारेर परलोक हुनुभएको छ।

नेपाली काङ्ग्रेस, विपीवादी गिरीपन्थीहरूले यसलाई अनुसरण गर्ने हुन् वा नगर्ने हुन् प्रश्न खडा हुन सक्छ। आज उहाँ जन्मिएको थलो बस्तीपुर मात्र होइन, उहाँले पाइला टेकेको ठाउँ मात्र होइन, देशै नै गिरीको मृत्युले शोकाकुल छ। असल राजनीतिक व्यक्तिको मृत्युले नेपालको खस्कँदै गएको राजनीति र कूटनीतिमा झन्झन् क्षति पुग्न गएको छ। निष्ठाका धरोहर कम्युनिस्टलाई मार्क्सवाद पढाउने गुरु प्रदीप गिरीमा अन्तिम श्रद्धाञ्जलि।

# एक साताभित्र टाँगियाबस्तीमा बिजुली बल्ने

प्रस, निजगढ, १० भदौं/

बाराको जीतपुरसिमरा उपमहा नगरपालिका-१६ टाँगियाबस्तीमा आवेदन




टाँगियाबस्तीमा विद्युत् जडान गर्ने तयारी। तस्वीरः जीतलाल श्रेष्ठ

दिएका घरमा एक साताभित्र विद्युत् मिटर जडान गरी बत्ती बाल्ने योजना रहेको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र सिमराले जनाएको छ । अन्य संरचनासहित दुई करोड ६० लाखमा टाँगियाबस्तीमा विद्युतीकरण गर्नेगरी रकम विनियोजन भई ठेक्का आह्वान गरिएको थियो।

पोल गाड्ने, तार तान्ने कार्य सम्पन्नका लागि विद्युत् कार्यालयले रु ४० लाखमा ठेक्का आह्वान गरे पनि ठेकेदारले रु २० लाखमा सम्झौता गरेर काम सम्पन्न गरेको विद्युत् वितरण केन्द्र सिमराले जनाएको छ। विद्युतीय पोल, तारलगायतका आवश्यक सामान विद्युत् कार्यालयतर्फको नै रहेको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र सिमराका प्रमुख एवं इन्जिनीयर रामु श्रेष्ठले बताए।

विद्युतीकरणका लागि पोल गाड्ने, पोलमा तार तान्नेलगायतका आवश्यक कार्य दुई साताअघि सम्पन्न भई अहिले विद्युत् मिटर जडानका लागि आवेदन दिनका लागि नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र सिमराले सूचना जारी गरेको छ।

आवेदनका लागि शुक्रवार धेरै फाराम लगिसके पनि अहिलेसम्म पनि मिटर जडानका लागि कार्यालयमा आवेदन नपरेको प्रमुख श्रेष्ठले बताए। आवेदन परेपछि धमाधम विद्युत् मिटर जडान गर्न कर्मचारी खटाइने र एक साताभित्र मिटर जडान गरी बत्ती बाल्ने तयारीमा कार्यालय रहेको उनले बताए। टाँगियाबस्तीमा विद्युतीकरणका लागि पाँच सयभन्दा बढी पोल प्रयोग भएको र ककडीबाट लाइन जोडिने उनले थपे।

यहाँ बन्ने विमानस्थल निर्माणका लागि कुनै अवरोध नहुने गरी विद्युतीकरण र विद्युत् मिटर वितरण, जडान गर्नेगरी प्रत्येक घरधुरीलाई करारनामा गराएर मात्रै विद्युत् कार्यालयले उक्त कार्यहरू अघि बढाएको प्रमुख एवं इन्जिनीयर श्रेष्ठले जानकारी दिए।

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत प्रस्तावित दोस्रो निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने सरकारी योजनाका कारण लामो समयदेखि टाँगियावासी विद्युत्, सञ्चार सेवालगायतका राज्यबाट पाउनुपर्ने न्यूनतम सेवासुविधाबाट वञ्चित थिए। बाराको चारकोसे झाडी अन्तर्गतको राष्ट्रिय वन क्षेत्रभित्र रहेको साबिक डुमरवाना गाविस-७ हाल जीतपुरसिमरा उपमहानगरपालिका-१६ टाँगियाबस्तीमा २०५१ सालदेखि नै अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने सरकारी हल्ला चल्दै आएको छ।

डेढ दशकयता तराईका एक दर्जन स्थानमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि सर्भे गर्दा सो टोलीको अध्ययन, अनुसन्धानबाट यहाँ प्राविधिक दृष्टिकोणले अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न उपयुक्त ठहर भएको जनाउँदै सो सर्भे टोलीले सरकारलाई प्रतिवेदन

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष ३६ | २०७९ भदौ ११ गते शनिवार | 2022 August 27 Saturday 

# अँध्यारो युग र मोतीराम भट्ट

सन्दर्भः मोतीजयन्ती



सञ्जय मित्र

mitrasanjay41@gmail.com

औंसी र नेपाली साहित्यबीच सकारात्मक संयोग छ। निकै गहिरो नाता रहेको देखिन्छ। नेपाली साहित्यको आकाशमा औंसीको रातमा दुई सूर्योदय भएको पाइन्छ। नेपाली साहित्यमा रुचि लिनेहरूले बुझेका छन्– मोतीराम भट्टको जन्म भदौ कृष्ण औंसीको दिन र लक्ष्मीप्रसाद देवकोटाको जन्म कात्तिक कृष्ण औंसीको दिन भएको हो।

भट्ट र देवकोटामा एउटा समानता छ– दुवैजना अनेक विधामा कलम चलाउने तर काव्य विधामा बढी पहिचान कायम हुन पुगेका साहित्यकार हुन्।

तिथिमितिमा विश्वास गर्ने साहित्यकारहरूले वर्षभरिमा जुनकुनै महीनाको औंसी आउँदा सबैभन्दा पहिले मोतीराम भट्टलाई किन सम्झन्छन् भने मोतीराम भट्टको जन्मदिवस वा स्मृति दिवस यही तिथिकै हिसाबले मनाउने चलन छ। यसको वास्तविक कारण यो हो कि नेपाली साहित्यमा एक युगको प्रतिनिधित्व गर्ने मूर्द्धन्य साहित्यकार मोतीराम भट्टको जन्म र मृत्यु एकै थितिमा अर्थात् भदौ कृष्ण औंसीकै दिन भएको थियो। यस संयोग वा वियोगले भट्टलाई नेपाली साहित्यले यसै दिन सम्झने गरेको छ भने देवकोटालाई लक्ष्मीपूजाको दिन भनेर चिनिने भएकोले वास्तवमा त्यस दिन औंसी नै भएपनि औंसीको हिसाबले भन्दा पनि लक्ष्मीपूजाको हिसाबले देवकोटाको जन्म दिवस मनाउने गरिएको छ।




मोतीराम भट्टलाई कतिपयले युगकवि भनेका छन्। कतिपयले युवाकवि भनेका छन्। यी दुई उपाधिका योग्य नै हुन्, साहित्यकार भट्ट।

भट्टलाई युवा कवि किन भनिन्छ भने उनी युवावस्थामा नै बिते। युवावस्थामा मात्र बित्नु चाहिं युवाकवि भनिनुको कारण होइन। युवाहरूलाई प्रोत्साहित गरे। युवाहरूको सङ्गठन बनाए। मोती मण्डली त प्रख्यात नै छ। युवाहरूको लागि साहित्य सिर्जना गरे। आज साहित्यमा जुन शृङ्गार धाराको बाहुल्यता छ, नेपाली साहित्यमा यसलाई भित्र्याउने



काम नै मोतीराम भट्टले गरेका हुन्। मोतीराम भट्टका शृङ्गारिक धाराका रचनाहरू अहिले पनि उत्तिकै पढिन्छन्।

नेपाली साहित्यलाई अनेक नवीनता दिने मोतीरामको साहित्यको युगलाई मोतीयुग पनि भनिन्छ। यसै कारण भट्टलाई युगकवि पनि भनिएको हो। मोतीराम भट्टले आफ्नो समयको नेपाली साहित्यको सम्पूर्ण सेरोफेरोलाई आफ्नो अनुकूल बनाउन सकेका थिए। युगलाई नियन्त्रण गर्ने, नवीन युगको सुरुआत गर्ने, त्यस युगको नेतृत्व गर्ने जस्ता गुणका कारणले मोतीराम भट्टलाई युगकवि भनिएको हो। यद्यपि उनी कविताको क्षेत्रमा मात्र सीमित थिएनन्। मोतीराम भट्टले नेपाली साहित्यलाई समालोचना, जीवनी, अनुसन्धान, गजलजस्ता अनेक नयाँ कुरा दिएका छन्। नयाँ कुरा दिंदा भट्टले जसरी खोज गरे, अनुसन्धान गरे र जसरी आफ्नो कर्मलाई आधिकारिकतापूर्वक पुष्टि गरे, त्यसलाई नेपाली समाजले पत्यायो, नेपाली साहित्यले मान्यो। नेपाली साहित्यलाई सक्षम बनाउन अति विशिष्ट भूमिका खेलेको हुनाले भट्ट साँच्चिकै आफैंमा युग बन्न पुगे। त्यस जमानामा साहित्यकारलाई कवि नै भन्ने गरिन्थ्यो। यस कारण भट्टलाई युगकवि भन्नेहरूले गुह्यार्थमा युगसाहित्यकार भनेका हुन्।

हुनत के भनिन्छ भने अँध्यारोमा एउटा जूनकीरीको प्रकाशको पनि महत्त्व हुन्छ तर वर्षभरिमा सबैभन्दा अँध्यारो दिन मानिने भदौको औंसीको अँध्यारोमा जन्मेका भट्ट जूनकीरी होइन, नेपाली साहित्यको मोती बनेका छन्। साहित्यको क्षेत्रमा दिएको कर्मले उनी नेपाली साहित्यको मोती बन्न पुगेका छन्। यस अर्थमा भट्ट युगकवि, युगसाहित्यकार, युवाकवि जस्ता उपाधिभन्दा निकै माथि छन्। भट्टले आफू सिर्जना गर्ने मात्र नभई सर्जकलाई पहिचान र सम्मान दिलाउने कार्यमा जुन इमानदारी र निस्स्वार्थता देखाएका छन्, त्यसले पनि उनलाई आफ्नो युगको भाषा र साहित्यको क्षेत्रका सर्वाधिक उच्च व्यक्तित्व प्रमाणित गरिदिएको छ।

भट्ट साहित्यिक सङ्गठक तथा प्रोत्साहक त थिए नै। उच्चकोटिका साहित्य सर्जक थिए। वास्तवमा साहित्यमा के देखिएको छ भने जसले राम्रो साहित्य सिर्जना गर्न सक्छ, उसलाई साहित्यको क्षेत्रले बढी पत्याएको हुन्छ। साहित्यिक क्षेत्रमा उच्च कलात्मक तथा कालजयी साहित्य सिर्जना गर्न सक्नेले नै लामो समय आफूलाई चिनाइरहन सक्छ। साहित्यको क्षेत्रमा साहित्यकारलाई भन्दा पनि तिनको सिर्जना अर्थात् साहित्यलाई बढी पत्याउने हुन्छ। अहिलेसम्मको प्रवृत्ति यही नै हो र मोतीराम भट्टको युगमा पनि यही थियो।

मोतीराम भट्टले नेपाली साहित्यलाई जुन किसिमले सेवा दिएका छन्, त्यो नभूतो थियो। वास्तवमा नेपाली साहित्यको सबै किसिमले सेवा गर्ने व्यक्तित्व कुनै पनि भाषामा कमै पाइन्छन्। भाषा र साहित्यको सेवामा आफ्नो जीवन नै अर्पण गर्ने, आफूलाई सम्पूर्णरूपमा समर्पण गर्ने तथा अरूलाई कसरी हुन्छ प्रेरित तथा प्रोत्साहित गर्ने व्यक्तित्व जहाँ पनि निकै कम हुन्छन्। मोतीराम भट्ट त्यस्ता निकै कम व्यक्तित्वमध्ये हुन्। यसै कारण मोतीराम भट्टलाई युगका प्रवर्तक पनि भनिन्छ कि उनले नयाँ युगको प्रवर्तन गरेका छन्। यसरी कैयौं युगपछि कुनै भाषाको सेवाका लागि कुनै कुनै देशमा मोतीराम भट्टजस्ता व्यक्तिको जन्म हुन्छ।

आजसम्म मोतीराम भट्टका रचनाहरू विद्यालय तथा विश्वविद्यालय तहमा अध्यापन हुनुको कारण पनि यही हो कि उनका रचनाहरूले युगलाई जितेका छन्। हुनत सबै सर्जकका सबै रचना समान नै हुँदैनन्। केही रचनाले तत्काललाई मात्र ओकलेको हुन्छ अर्थात् तात्कालिक यथार्थलाई मात्र अभिव्यक्त गरेको हुन्छ तर कतिपय रचना भने आउँदा युगलाई पनि बाटो देखाइरहेका हुन्छन्। तात्कालिक यथार्थ र युगीन चेतना दुवै किसिमका रचनामा अब्बलता भट्टको प्रवृत्ति देखिएको छ। यही प्रवृत्तिले मोतीराम भट्ट आज पनि युवा तथा प्रौढ सबै किसिमका साहित्यकारका माझमा प्रिय छन्।

युग जति बितिरहेको छ, मोतीका रचना र तिनले गरेका काम दुवैले थप महत्त्व पाइरहेका छन्। तिनीहरूमा त्यत्तिकै निखार आइरहेको छ। उनका रचनाहरूले स्वाभाविकता ग्रहण पनि गरिरहेका छन्। केही रचना त यस्ता छन्, जुन जहाँ पनि र जहिले पनि समभाव राख्ने क्षमता राख्छन्।

**गहिराइमा पस्नुपर्छ मोती बनेर आउन**

**सबैको मन मन्दिरमा प्यारो बनेर आउन।**

मोतीराम भट्टले आदिकवि भानुभक्तलाई चिनाएका छन्। आदिकविलाई चिनाउने काम मात्र नगरेर वास्तवमा नेपाली साहित्यलाई एउटा पहिचान र एउटा उचाइ प्रदान गरेका छन्। भौतिक शरीरको दृष्टिकोणले निकै कम अवधि अर्थात् तीस वर्ष मात्र बाँचेका मोतीराम भट्टको साहित्यिक जीवन अनन्तकालसम्मको रहेको छ। आज विश्वभरमा यस महान् स्रष्टालाई नेपाली साहित्यको उज्ज्वल नक्षत्र भनेर सम्मान गर्दछन्।

र अन्त्यमा, उनी पिता बन्न पाएनन्– यस अर्थमा उनले नेपालमा जन्माएका अनेक विधाहरूले उनलाई पिता मानेका छन्। उनका सन्तान थिएनन्– यस अर्थमा उनका सम्पूर्ण कृति र सिर्जना नै उनका अजर अमर सन्तान बनेका छन्। आज पनि मोतीराम भट्टले एक पिताको रूपमा र उनका सिर्जनाहरूले सन्तानको रूपमा नेपाली साहित्यको सेवा गरिरहेका छन्। यी अजर अमर सर्जकप्रति अनन्त श्रद्धा र सम्मान प्रकट गर्दछु।

# थाहा पाएपछि दलपतिको "हर्ट अटयाक" भयो

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

'हे भक्त र तिमीले जसको शिरमा हात राख्छौ, त्यो भस्म हुनेछ। तथास्तु !' भगवान् शिवले भक्तको रूप धारण गरेका दलपतिको जीउमा जल छर्केर वरदान दिनुभयो।

निर्वाचन केही महीना मात्र बाँकी थियो। दल प्रवेश कार्यक्रम जोडतोडले चलिरहेको थियो। दलमा आबद्ध शीर्षजनलाई दलको प्रचारप्रसार र दल प्रवेश कार्यक्रमको चापले भ्याइनभ्याइ थियो। सँगसँगै मानसिक तनाव उत्तिकै थियो। किनभने पाँचजना नयाँ कार्यकर्ता दलमा भर्ना हुन्थे भने पचासजनाको हुल दल छाडेर अर्को दलमा प्रवेश गरिरहेका हुन्थे। दिनभरि करायो दक्षिणा हरायो भनेझैं नतीजा शून्य परिश्रमले दलको आकार दिन प्रतिदिन खुम्चिंदै गइरहेको थियो।

एक दिनको कुरा हो दल प्रवेश कार्यक्रम चलिरहेको थियो। नवप्रवेशीहरूलाई टीकामाला लगाइरहेका बेला एक कार्यकर्ताले स्वाँस्वाँ गर्दै दलपति नजीक आएर कानमा खुसखुस गर्दै भन्यो, "नेताजी एउटा दुःखद खबर छ। हाम्रो दलमा प्रबुद्ध वर्गको श्रेणीमा दरिएका नेताहरू अर्को दलमा टीकामाला मात्र लगाइरहेका छैनन्, अपितु तपाईंलाई तथानाम गाली गरिरहेका छन्।" ती कार्यकर्ताले दलपतिलाई सामाजिक सञ्जालमा प्रसारित भइरहेको प्रत्यक्ष प्रसारण देखायो। दलपतिलाई हृदयाघात

०००

रातिको दश बजिरहेको थियो। दलपति आराम गरिरहेका थिए। हृदयाघात अहिले सामान्य भइसकेको थियो। आज चिकित्सकको टोली र एम्बुलेन्स साथमा नभएको भए अनहोनी हुन सक्थ्यो भन्दै दलपति चिन्तामग्न थिए। जीवन जोगिएकोले भगवान्प्रति कृतज्ञता प्रकट गरे। जालझेल गरेर अकुत सम्पत्तिको मालिक बनेका दलपतिलाई मृत्युको भयले सताइरहेको थियो। जनताको नजरमा उनको र उनको दलको चरित्र उदाङ्गो भइसकेको थियो। स्थानीय तहको परिणामले भुइँचालोको धक्काले भग्नावशेषमा परिणत भएको महलझैं उनको दलको हालत भइसकेको थियो। त्यस कारण सत्ताभोगी दलपति तनावमा थिए। कार्यक्रममा जाँदा चिकित्सकको टोली र एम्बुलेन्ससँगै लिएर जान्थे।

बिहान उठ्ने बित्तिकै ओछ्यानमैं भगवान्लाई स्मरण गर्ने सत्कर्म तथा राशि हेर्ने मनोभाव मनमा अङ्कुरित भइसकेको थियो। आज बिहान उनी आफ्नो राशिमा स्वास्थ्यसम्बन्धी गडबडी पढेका थिए। जुन सत्य साबित भयो। धन्न चिकित्सकको टोली सँगै भएकोले प्राण जोगियो। वर्षभरिको राशिफल जान्ने उद्देश्यले टेबलमा रहेको मोबाइल हातमा लिए।

युटचुब खोलेसँगै भगवान् शिव र दैत्यराज भस्मासुरबीच संवाद चलिरहेको भिडियो प्रकट भयो। यो दृश्य उनले स्क्रोल गरेनन्। त्यसैमा अड्किए। भगवान् शिवले भस्मासुरलाई वर माग्न भनिरहेका थिए। दलपति दत्तचित्त भएर दृश्य हेरिइरहे। भस्मासुरले भगवान् शिवको तपस्या गरेदेखि वर पाएसम्मको पूरै कथा एकाग्र भएर हेरे। भस्मासुरझैं भगवान् शिवको तपस्या र उपासना गरी वरदान प्राप्त गर्ने, शक्तिशाली बन्ने र सबैलाई तह लगाउने उनले निधो गरे।

०००

देश र विदेशबाट विद्वान् ज्योतिषीहरूलाई बोलाइयो। ज्यातिषीहरूले शनिको साढेसातीदेखि मङ्गल, बुद्ध, वृहस्पति, राहु र केतुलगायत सम्पूर्ण ग्रह एकसाथ कुपित भएको कुरा अवगत गराए। उता ग्रह शान्ति हेतु घरमा पूजापाठ र हवन शुरू भयो। यता दलपतिजी भगवान् शिवको तपस्या गर्नका लागि मुस्ताङ जिल्लाको अन्नपूर्ण हिमाल निकट मुक्तिनाथधामको लागि प्रस्थान गरे।

दलपतिलाई वरदान प्राप्त गर्न यति हतार थियो कि हेलिकप्टर चार्टर गरी मुक्तिनाथधाम पुगे। १०/१२ जना कार्यकर्ता पनि साथमा थिए। दलपति गेरुवा वस्त्र, त्रिपुण्ड् चन्दन, रुद्राक्षको माला, त्रिशूल र डमरुसहित सुसज्जित भई तपस्यामा बसे। उनी 'ॐ नमः शिवाय' मन्त्र उच्चारण गर्दै भगवान् शिवको आराधनामा लीन भए।

०००

दलपतिको यतिविघ्न तपस्या देखेर माता पार्वतीले पति परमेश्वर भगवान् शिवसँग सोध्नुभयो, "हे जगत्पिता ! यस घोर कलियुगमा यो को हो, जसले भस्मासुरझैं तपाईंको तपस्या गरिरहेको छ ?"

प्रतिउत्तरमा भगवान् शिवले भन्नुभयो, "हे देवी ! मृतलोकमा थुप्रै देशमध्ये एउटा देश नेपाल पनि छ। त्यहाँको संविधान अनुसार प्रत्येक पाँच वर्षमा निर्वाचन हुने नियम छ। पाँच वर्षअघि यो तपस्वीले 'तुम्ही हो माता, तुम्ही पिता हो' भन्दै मतदाताहरूको हृदयमा वास बस्न सफल भयो। दलबलसहित निर्वाचित पनि भयो। पछि आफ्नै दलका कार्यकर्तालाई पाखा लगाउँदै तस्कर, अपराधी र ठग प्रवृत्तिका व्यक्तिहरूलाई दलमा समाहित गर्दै गयो। त्यतिमात्र कहाँ हो ! मतदातासँग गरेको वाचा पूरा गर्नुको साटो झूट र भ्रमको खेती गर्‍यो। अहिले यसको दलमा आउनेभन्दा जानेको सङ्ख्या कयौं गुणाले बढी छ। यस भक्तको पुण्यको खाता शून्य र पापको खाता समुद्रको छालझैं उफानमा छ।"

माता पार्वतीले पति परमेश्वर भगवान् शिवसँग भन्नुभयो, "हे जटाधारी ! तपाईं त देव, राक्षस वा असुर सबैको प्रिय हुनुहुन्छ। तपाईंको शरणमा आउने कोही पनि निराश भएर जाँदैनन्। त्यस कारण यस भक्तको पनि दुःख निवारण गरिदिनुहोस्, प्रभु।" माता पार्वतीको कुरा सुनेर भगवान् भोलेनाथ मुस्कुराउँदै ध्यानमग्न हुनुभयो।

०००

दलपतिलाई तपस्यामा बसेको एघार दिन भइसकेको थियो। अहिलेसम्म भगवान् शिव प्रकट हुनुभएको थिएन। त्यस कारण दलपति चिन्तित भए। कैलाश पर्वतसम्म मन्त्र ध्वनि नपुगेको हो कि भन्ने आशङ्का गर्न थाले।

अहिलेसम्म उनी मनमनै मन्त्र जपिरहेका थिए। कण्ठमा सीमित स्वर बिस्तारै बाहिर आउन थाल्यो। उनी जसरी भएपनि आफूले गरिरहेको तपस्याको कुरा भगवान् शिवसमक्ष पुर्‍याउन चाहन्थे। पत्रपत्रिका, रेडियो तथा टेलिभिजनलगायतका विभिन्न सञ्चारमाध्यमहरूमा विज्ञापनसमेत गराए। जोडजोडले जीउ हल्लाउँदै ठूलठूलो स्वरमा मन्त्र उच्चारण गर्न थाले। डमरु बजाउन थाले।

०००

भक्तको यतिविघ्न तपस्या देखेर भगवान् भोलेनाथ भक्त सम्मुख प्रकट हुनुभयो। महादेवले भन्नुभयो, "हे भक्त ! आँखा खोल।" दलपतिले आँखा खोलेपछि आश्चर्यचकित भए। यो के हो ? उनको आँखा खुल्लाको खुल्लै रह्यो। सत्ताप्राप्तिका लागि कहिले उत्तर त कहिले दक्षिणका प्रभुलाई गुहारेको, आर्थिक लोभमा परेर विदेशी धर्म–संस्कृति भित्र्याएकोलगायतका कुराहरू मस्तिष्कमा चल्न थाल्यो। आज साक्षात् भगवान्लाई रिझाउन सफल भएको कुराले दलपति हदैसम्म हर्ष विभोर थिए। महादेवले भक्तको हर्षित मुद्रा देखेर मुस्कुराउँदै भन्नुभयो, "हे भक्त ! कुनै एउटा वर माग।"

दलपतिले हडबडाउँदै हात जोडेर भने, "हे प्रभु ! मलाई अजर–अमर बनाइदिनुहोस्।" भगवान् भोलेनाथले भने, "हे भक्त ! सधैं देश र जनताको हितविरुद्ध काम गर्ने बानीले तिमी लाचार छौ। के तिमीलाई थाहा छैन कि यो मृत्युलोक हो ? यस लोकमा जन्मेपछि मृत्यु निश्चित छ। त्यस कारण यसबाहेक अरू कुनै वर माग।"

जनताबाट तिरस्कृत दलपतिले भस्मासुरलाई प्रदान गर्नुभएको वरदान आफूलाई चाहिएको भोलेनाथसँग अनुनय गरे। भगवान् भोलेनाथले तथास्तु भन्दै अन्तर्ध्यान हुनुभयो।

०००

वरदान पाएपछि दलपतिको खुशीको सीमा थिएन। सर्वप्रथम वरदान काम गरिरहेको छ कि छैन भन्दै सँगै आएका दुई/तीन जना कार्यकताको शिरमा हात राखे। उनीहरू तुरुन्तै जलेर भस्म भए। वरदानको चमत्कार देखेर दलपति औंधी खुशी भए। हेलिकप्टरमा सवार भई तत्कालै दलको कार्यालय पुगे। स्थानीय तहको निर्वाचनमा आफ्नो दललाई मतदान नगरेका मतदाता, विपक्षी दलका नेतागण, अन्य दलमा आबद्ध कर्मचारी तथा आफ्नै दलका बागी नेता तथा कार्यकर्ताहरूको सूची तयार गर्न आदेश दिएछन्।

एक कान दुई कान हुँदै यो कुरा देशैंभरि फैलियो। चारैतिर भयको वातावरण छायो। दलपतिले जताततै मानिसहरूलाई भस्म गर्दै हिंडिरहेका थिए। डरले मानिसहरू पलायन/भूमिगत हुन थाले। उता आमनागरिक चिन्तित र भयभीत थिए। यता दलपति असाध्यै प्रसन्नचित थिए। घमण्डमा चुर दलपति शक्ति प्राप्त गरेपछि पहिलेकै आवरणमा फर्किसकेका थिए।

०००

अचानक पत्नीको अवाज कानमा परेपछि दलपति ब्यूँझिए। आफूलाई ओछ्यानमा पाए। आँखा मिच्दै यताउति हेर्न थाले। भर्खरै मानिसहरूलाई भस्म पार्दै हिंडिरहेका दलपतिलाई ओछ्यानमा छु भन्ने कुरा पत्याउनै गाह्रो थियो। कहिले हात हेर्थे त कहिले पत्नीको अनुहार। वरदानमा पाएको शक्ति पुनः जाँच्ने प्रयत्न गरे। पत्नीको शिरमा हात राखे। तर पत्नी भस्म भइनन्। अघिको कुरा सपना थियो भन्ने कुरा थाहा पाएपछि दलपतिको 'हर्ट अटयाक' भयो। न त्यहाँ चिकित्सकको टोली थियो, न एम्बुलेन्स।

# द्रोण पर्व–९०



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

यता द्रोणाचार्यले पनि क्रोधले मुर्मुरिएर पाण्डव सेनाहरूको संहार गर्न थाले। उनको मारबाट पीडित भएर पाञ्चाल वीरहरू अर्जुन र भीमको सामु नै भाग्न थाले। अर्जुन दक्षिणतर्फ छेवैमैं थिए तथा भीमसेन उत्तरतर्फ थिए। दुवैले आचार्य द्रोणमाथि बडो भारी बाणवर्षा गर्न थाले। यो हेरेर सृञ्जय, पाञ्चाल, मत्स्य र सोमक आदि क्षत्रियहरू ती दुवैको सहायता गर्नको लागि आइपुगे। यसै प्रकार तपाईंका पुत्रका महारथी योद्धाहरू पनि सेनाको ठूलो डफ्फाका साथ द्रोणाचार्यको रथ सामु आइपुगे। कौरव सेनामाथि पुनः अर्जुनको मार पर्न थाल्यो। एक त अँध्यारोको कारणले केही पनि देखिइरहेको थिएन, अर्को निद्राको कारण सम्पूर्ण सेना व्याकुल थियो, यस कारणले तपाईंको सेनाको भयङ्कर संहार भइरहेको थियो। धेरैजसो राजाले त आफ्नो वाहन त्यहीं छाडेर भयभीत भएर चारैतिर भागे।



अर्कोतिर सात्यकिले देखे कि सोमदत्त आफ्नो महान् धनुषको टङ्कार गरिरहेका थिए। सात्यकिले आफ्नो सारथिसित भने– सूत, मलाई सोमदत्तको नजीक लग। आफ्नो बलवान् शत्रु सोमदत्तलाई मारेर मात्र अब म युद्धमा पुनः फर्कनेछु। यो सुनेर सारथिले घोडाहरूलाई सोमदत्ततिर हाँकेर सात्यकिलाई सोमदत्त भएको ठाउँमा पुऱ्याइदियो। उनी सात्यकिलाई आफूतिर आइरहेको हेरेर सोमदत्तले उनको सामना गर्नको निम्ति अगि बढे। उनले सात्यकिको छाती ताकी साठीवटा बाण हानेर उनलाई घाइते पारे। प्रत्युत्तरमा सात्यकिले पनि तीक्ष्ण बाण हानेर सोमदत्तलाई पनि घाइते पारिदिए। दुवै एकअर्काको बाणबाट क्षतविक्षत भएर रगताम्मे हुन पुगे। यत्तिकैमा सोमदत्तले अर्द्धचन्द्रकार बाण हानेर सात्यकिको महान् धनुषलाई काटिदिए। फेरि उनीमाथि पच्चीसवटा बाण हानेर शीघ्रतापूर्वक दशवटा बाण अझै हाने। तबसम्म सात्यकिले अर्को धनुष लिएर तुरुन्तै पाँचवटा बाण सोमदत्तमाथि हानेर उनलाई झनै व्याकुल पारिदिए। अनि उनी मुस्काउँदै एउटा भल्ल हानेर सोमदत्तको सुनको ध्वजालाई काटिदिए। अनि सोमदत्तले पुनः सात्यकिमाथि पच्चीसवटा बाण हाने। यसबाट क्रोधित भएर सात्यकिले एउटा क्षुरप्र हानेर सोमदत्तको धनुषलाई काटिदिए। महारथी सोमदत्तले पनि तत्काल अर्को धनुष लिएर सायकहरूको वर्षा गरेर सात्यकिलाई ढाकिदिए। अनि सात्यकिको तर्फबाट भीमसेनले पनि सोमदत्तमाथि दशवटा बाण प्रहार गरे। सोमदत्तले पनि भीमसेनमाथि अनेकौं बाण हानेर उनलाई घाइते पारिदिए। यसपछि भीमसेनले सोमदत्तको छाती ताकी एउटा परिघ प्रहार गरे तर सोमदत्तले हाँस्दै त्यस परिघलाई दुई टुक्रा पारिदिए। तदन्तर सात्यकिले चारवटा बाण हानेर सोमदत्तको रथमा जोतिएका चारवटै घोडाहरूलाई मारिदिए। अनि एउटा भल्ल हानेर उनको सारथिको टाउकोलाई छिनालिदिए। यसपश्चात् सात्यकिले प्रज्वलित अग्निको समान एउटा भयङ्कर बाण हाने, त्यो बाण सोमदत्तको छातीभित्र छिर्‍यो र सोमदत्त रथबाट लडेर मरे।

सोमदत्तलाई मरेको हेरेर कौरव महारथीहरूले बाणको ओइरो लगाउँदै सात्यकिमाथि जाइलागे। यो हेरेर राजा युधिष्ठिर तथा अन्य पाण्डव प्रभद्रक वीरहरूको साथ बडो ठूलो डफ्फा सेना लिई द्रोणाचार्यको सैन्यति बढेर आए। उनीहरूले आचार्यले हेर्दाहेर्दै सायकको मारबाट तपाईंको सेनालाई धपाइदिए। यो हेरेर आचार्य क्रोधले आँखा रातोरातो पार्दै युधिष्ठिरमाथि जाइलागे र उनको छाती ताकी सातवटा बाण हाने। युधिष्ठिरले पनि पाँचवटा बाण हानेर आचार्यलाई घाइते पारे। यसपछि आचार्यले युधिष्ठिरको ध्वजा र धनुषलाई काटिदिए। युधिष्ठिरले तत्काल अर्को धनुष लिई घोडा, सारथि, ध्वजा एवं रथसहित आचार्य द्रोणमाथि लगातार एक हजारवटा बाणको वर्षा गरे। उनको बाणको आघातबाट केही घडीसम्म आचार्य मूर्छितावस्थामा रथको पछिल्लो भागमा बसिरहे, होश खुलेपछि बडो क्रोधित भएर उनले युधिष्ठिरमाथि वायव्यास्त्रको प्रयोग गरे तर धर्मराज युधिष्ठिर यसबाट कति पनि विचलित भएनन्। उनले आफ्नो अस्त्रबाट आचार्यको अस्त्रलाई शान्त पारिदिए तथा उनको धनुषलाई पनि काटिदिए। द्रोणले अर्को धनुष उचाले तर युधिष्ठिरले एउटा तीक्ष्ण भल्ल हानेर त्यसलाई पनि काटिदिए।

यसबीचमा भगवान् श्रीकृष्णले युधिष्ठिरसित भने– महाबाहो, म तपाईंसित जुन कुरा भन्न गइरहेको छु, त्यो सुन्नुहोस्। द्रोणाचार्यसित तपाईं युद्ध नगर्नुहोस्। उनी युद्धमा सदैव तपाईंलाई समात्ने उद्योग गर्छन्, अतः उनीसित युद्ध गर्नुलाई म उचित मान्दिनँ। जो उनको नाश गर्नको लागि मात्र उत्पन्न भएका छन्, ती धृष्टद्युम्नले नै उनको वध गर्नेछन्। तपाईं गुरुसित युद्ध गर्न छाडेर राजा दुर्योधनसित युद्ध गर्नुहोस्। राजाले राजासित नै युद्ध गर्न उचित हुनेछ। अतः तपाईं हात्ती, घोडा र रथसेना लिएर त्यहीं जानुहोस्।

क्रमशः ...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

यस्तो किन हुन्छ त ! हामीलाई शङ्का लाग्नु स्वाभाविक हो। यस्तो हुनुको मुख्य कारण मानिसले आफ्नो मूल स्वभाव बिर्सेर हो। हरेक पल आफ्नो मूल स्वभावको स्मरण गर्दा मानिस सधैं आनन्दित रहन्छ।

भित्री आनन्दको अभ्यास गर्नुस्। अभ्यास गर्दागर्दै एक दिन यस्तो आउनेछ कि सबै ठाउँ, सबै समय र सबै परिस्थितिमा आनन्द नै आनन्दको महसूस हुनेछ। पहिले जुन मानिसले भन्ने गर्थ्यो संसार दुःखको सागर हो पछि त्यही मानिस आफ्नो मूल स्वभावलाई हरेक क्षण स्मरण गरेर आनन्दमय हुन सक्नेछ। त्यसपछि त्यही मानिसले अरूलाई भन्नेछ संसार सुखको सागर हो। संसार आनन्दको सागर हो। दुःख र आनन्द दुवै भाव जगत्का कुरा हुन्। बाहिरी जगत्सँग यसको कुनै मतलब छैन। मूल स्वभावको सम्झना आउन मात्र गाह्रो छ। जस्तो प्रकारले फूलको स्वभाव फुल्नु हो। हावाको स्वभाव बहनु हो भने पानीको स्वभाव शीतलता हो। पानीलाई जतिसुकै तातो पारे पनि आगोबाट हटाउने बित्तिकै चीसो हुन थाल्छ र केहीबेरपछि पूर्णरूपमा चीसो हुन्छ। तर तपाईंले पानीलाई लगातार तताइरहनुभयो भने कसरी पानी शीतल हुने आफ्नो मूल स्वभावमा आउन सक्छ। त्यस्तो स्थितिमा पानी आफ्नो मूल स्वभावमा फर्कन सक्दैन। यस्तै प्रकारले यदि तपाईंले जीवनमा सधैंभरि दुःखलाई नै मात्रै स्मरण गरिरहनुभयो भने तपाईं आफ्नो मूल स्वभावमा फर्किन सक्नुहुनेछैन। यदि आन्तरिक क्रियाहरू र मनोदशा जागृत गरी आफ्ना भावहरूलाई निष्क्रिय पारेर तपाईं पूर्ण शान्त अवस्थामा जानुभयो भने तपाईंको मन स्वतः आनन्दित अवस्थामा फर्कनेछ। मन नै सम्पूर्ण सुख र दुःखको कारण हो। मन नै बन्धन र मुक्तिको कारण हो। मनको मूल स्वभाव नै आनन्द हो। केही नगरी, कुनै प्रयत्न नगरी, कुनै परिश्रम नगरी, केवल शान्त भएर बस्नुभयो भने तपाईंलाई आनन्द प्राप्त हुनेछ। आनन्द त विनाप्रयास पनि प्राप्त गर्न सकिन्छ तर दुःख प्राप्त गर्न मिहिनेत गरेर दुःखी भावमा जानैपर्छ, त्यसको लागि केही प्रयत्न गर्नै पर्छ। प्रयत्न नगरी तपाईंले दुःख प्राप्त गर्न सक्नुहुन्न तर सुख वा आनन्द प्राप्त गर्न तपाईं केही क्रिया नगरी बसे मात्र हुन्छ। जब केही नगर्दा आनन्द प्राप्त हुन्छ भने किन दुःखप्राप्तिको लागि प्रयत्न गर्ने। हामी सबै आनन्दप्राप्तिको लागि अभ्यास गरौं। आनन्दप्राप्तिको लागि अभ्यास गर्दा ती पलहरूको सम्झना गर्नुपर्छ, जुन पलमा तपाईंले आफ्नो जीवनमा असीम आनन्दको अनुभव गर्नुभएको थियो। जब तपाईंको जीवनमा सकारात्मक घटना घटेको थियो। तर हामीहरूलाई नकारात्मक कुराहरूलाई धेरै स्मरण गर्ने बानी बसिसकेको छ। कसैमा सयवटा गुण छन् भने पनि हामी त्यसको कुरा गर्दैनौं तर उसको एउटा मात्र अवगुण छ भने उसको बारेमा अवश्य कुरा गर्छौं। कसैले हाम्रो जीवनकालमा हामीलाई सम्मान गरेको थियो भनेपछि हामी त्यसलाई बिर्सिदिन्छौं तर कसैले हाम्रो जीवनमा अपमान गरेको भए त्यसलाई चाहिं हाम्रो स्मृतिपटलमा ताजै राख्छौं। कुनै अप्रिय कुरा भएको छ भने हामीहरू त्यसको खूबै चर्चा गर्नेगर्छौं र राम्रो कुरा भएको छ भने त्यसलाई सामान्य कुरा सम्झेर चर्चा पनि गर्दैनौं र केही दिनपछि बिर्सिदिन्छौं। किन हामीहरूलाई यसरी दुःख खोज्ने बानी बसेको हो। किन हामीहरू पानीलाई लगातार तताइरहेका छौं। त्यसलाई सेलाउन दिऊँ। जीवनको आनन्दरूपी फूललाई फुल्न र फक्रन दिऊँ। त्यसमा बाधक नबनौं।

धेरैजसो मानिस भौतिक आनन्दमा रहन चाहन्छन्। उनीहरू धनको भोगविलासमा आनन्द छ भन्ने ठान्छन्। धनको आफ्नो ठाउँमा महत्त्व छ तर केवल भोगविलासलाई आनन्दको स्रोत सम्झनु ठूलो भूल हो। धनको आवश्यकता बाहिरी आवश्यकता पूर्तिको लागि मात्र हो। बाहिरी आवश्यकता पूरा नहुनुको कारणले मनको भित्री यात्रामा बाधा–व्यवधान नआओस् भनेर धनको आवश्यकता पर्छ। तर धनलाई नै आनन्दको स्रोत ठान्नु, धनमा नै आनन्द देख्नु चाहिं आनन्दबाट टाढा हुनु हो। धनमा नै आनन्द छ भनेर मान्नेहरू जसरी भएपनि धन कमाउन चाहन्छन्। उनीहरू अरूसँग चाप्लुसी र धोकाबाजी गर्नमा लाग्छन् र असली आनन्दबाट टाढा हुन्छन्। उनीहरू भोगविलासको चक्करमा ऋण लिन्छन् र अरू धेरै उल्झन र दुःखमा पर्छन्। धन केवल उपयोगको लागि मात्र हो। केवल भौतिक आवश्यकता पूरा गर्नको लागि मात्र हो। धन उपभोगको लागि हैन।

आनन्दमय हुने तरीका अलिकति फरक छ। आफ्नो मनको भावलाई विकाररहित बनाउनु, बेकारका चेष्टाहरू र आकाङ्क्षाहरूबाट मनलाई मुक्त गर्नु, डरको आधार बनाएर गरिने तथाकथित धर्मबाट बच्नु आदि नै आनन्दमय बन्ने तरीकाहरू हुन्। यो हाम्रो आन्तरिक जीवनको कुरा हो। यो अरू मानिसलाई देखाउन गरिने क्रिया होइन। जसरी पानीको मूल स्वभाव शीतलता भएपनि पानीलाई हामीले दिन–रात आगोमा तताइराख्यौं भने त्यो पानी आफ्नो मूल स्वभावमा फर्कन सक्दैन, त्यसरी नै हामीले हाम्रा भावहरूलाई पनि दिनरात विकारहरू, अनर्गल चेष्टाहरू, आकाङ्क्षाहरू वा डरको आगोमाथि राख्यौं भने हामी पनि हाम्रो मूल स्वभाव आनन्दमा फर्कन सक्नेछैनौं। क्रमशः

# उपवास र स्वपक्ष सफाइ (अटोफैजी)



वाटिका

डा शिवशङ्कर यादव

shivshankaryadav3398@gmail.com

**उपवासको १२ घण्टासम्ममा ग्लुकोज समाप्त हुन्छ। फैट किटोन बन्छ र त्यसले ऊर्जा दिन थाल्छ। न्युट्रिशनको कमीमा शरीरका अन्य अवयवमा क्षति पुग्छ तर आश्चर्यजनकरूपमा दिमागको अझ बढी सशक्तीकरण हुन्छ। दिमागले निर्बाधरूपले किटोनबाट ऊर्जा प्राप्त गरिरहेको हुन्छ।**

उपवासमा उपको मतलब नजीक र वासको मतलब वास बस्नु हो। कसको नजीक वास बस्नु ? देउताको, ईश्वरको, अध्यात्मको। यी दुवैमा भोको बस्नु त कहीं देखिएन। दुवै एकसाथ मिलेपछिको मतलब भोको बस्नु हुन्छ। आउनुस्, अब यही भोको बस्नु वा उपवासको विवेचना गरौं। हिन्दू मात्र होइन अन्य सभ्यतामा पनि शरीर, मन र आत्माको शुद्धिको लागि उपवास गर्ने चलन छ। इस्लाममा एक महीना रमादानको उपवास बसिन्छ भने ईसाइले पनि उपवासलाई ईश्वरको प्रार्थनासँग जोड्छ। हिन्दूको त के कुरा ? शायद हिन्दूको दिन बिराएर उपवासै उपवास हुन्छ। उपवास भनेको नखाने हो र कसैकसैले पानीसमेत पिउँदैनन्, जसलाई निर्जला उपवास भनिन्छ। कुनै कुनै उपवासमा अन्न त खाइँदैन तर फलफूल र पानी खाइन्छ। कुनै उपवासमा पानी मात्र खाइन्छ।

आजभोलिको मेडिकल भाषामा यो उपवास तीन प्रकारका हुन्छन्: इन्टरमिटेन्ट उपवास मतलब एक दिन उपवास बस्ने र अर्को दिन खाने। दोस्रो, खाली क्यालोरीको उपवास मतलब अन्न नखाने तर फलफूल खाने। तेस्रो, पानीसिवाय केही नखाने। तर मैले आफ्नो परम्पराको अनुसार उपवासलाई माइल्ड, मोडरेट र सिभियर अर्थात् सामान्य, मध्यम र कडा उपवासमा बाँड्न चाहन्छु। साधारणको मतलब दिनभरको उपवास। महिलाहरू आइतवार र एकादशी गर्छन्। त्यस्तै, रामनवमी, सीतानवमी, श्रीकृष्ण जन्माष्टमी आदि सबै साधारण उपवास हुन्। मध्यम उपवासको उदाहरणमा छठलाई लिन सकिन्छ, जसमा ३६ घण्टा लाग्छ। यसभन्दा बढी दिनको लागि गर्ने उपवास कडा उपवासमा आउँछ, जो योगी वा संन्यासीले सिद्धि प्राप्त गर्नका लागि गर्छन्। भनिन्छ कि मुसा र ईसाले ४० दिन तथा बुद्धले ४५ दिनसम्म उपवास गरेका थिए। यसको अलावा चिकित्सकहरूले पनि उपवास गराएर बिमारी ठीक पार्थे। आयुर्वेद उपचारमा त यो आज पनि गरिन्छ। तर एलोपैथमा पनि पुरानाहरूले गर्थे। मेडिसिनका जनक हिपोक्रेट्सले स्वयम् रोगीलाई उपवास गराउँथे र पोपको गाली खान्थे। त्यति बेला क्रिश्चियनहरूमा उपवास केवल प्रार्थनासँग जोडिएकोले सर्वसाधारणले गर्न पाउँदैनथे। यस उपवासले निको पारिएका हामी भाइबहिनी स्वयम् हौं। बाल्यकालमा सबैजनालाई टाइफाइड भयो। चिकित्सक कोही थिएन। क्लोरम्फेनिकोलको आविष्कार भएको थिएन। वीरगंजका वैद्यले बार्ली मात्र खुवाएर हामीलाई निको पारेका थिए। एन्टिबायोटिकको आविष्कारपछि मात्र यो चलन चल्यो कि ज्वरोमा पनि खाए हुन्छ। पहिलेकाले ज्वरोमा अन्न नखाने चलन नै थियो, जसलाई आजभोलि क्यालोरी फास्ट भनिन्छ। इन्टरमिटेन्ट फास्ट त्यो हो, जसमा एक दिन खाइँदैन र अर्को दिन खाइन्छ। यसको अलावा रोग निको पार्ने कल्पको पनि प्रयोग गरिन्छ, जसमा अन्न नखाई केवल दूध वा फल मात्र खाइन्छ, जस्तै दुग्ध कल्प, आम्रकल्प वा यसरी नै अन्य फलहरू। यो कल्प प्राकृतिक चिकित्सकको देखरेखमा नै गर्नुपर्छ किनभने अन्न धेरै लामो समयसम्म छोड्दा घातक हुन सक्छ। गोरखपुरको प्राकृतिक चिकित्सालयमा मलाई पाँच दिन लामो उपवासको अनुभव छ। त्यसमा मलाई भोकले च्याप्यो तर दुई दिनपछि भोक लाग्नै छोड्यो। बिहान घुम्नु, योग गर्नु र निर्बाध निद्रा लाग्ने मेरो अनुभव छ। त्यसपछि ममा आएको सक्रियताले मलाई नै अचम्ममा पाऱ्यो। जबकि शरीर त धेरै दुब्लाएको थियो। त्यसैले उपवासको वैज्ञानिक व्याख्यासँग म सहमत छु।

बुद्धको ४५ दिनको उपवासको प्रतिबद्धता र साहस देखेर बुद्धका गुरु आत्तिए र भने– मसँग यति मात्र दिनु र भन्नु पर्ने थियो। तिमीले भन्छौ कि केही पनि पाइनँ। अतः अब तिमी अर्को गुरु खोज। अर्को गुरु रे ? बुद्ध हिंडे त्यहाँबाट। साथमा उनका चार/पाँच जना साथी पनि उनैसँग लागे तर बीच बाटोमा नै बुद्धलाई छाडेर हिंडे किनकि यसले आफू पनि मर्ने र हामीलाई पनि मार्छ भन्ने लागेर। ज्ञानप्राप्तिपछि बुद्धले उनै भागेका साथीहरूलाई सारनाथमा आफ्नो पहिलो प्रवचन दिएका थिए। भनिन्छ कि शक्तिहीन बुद्धले गयाको फल्गु नदी जसमा पानी नै हुँदैन त्यसलाई पनि पार गर्न सकेनन् र बोधिवृक्षमा गएर बेहोश भई लडे। सुजाता आइन्, खीर खुवाइन् र तत्काल बुद्धले ज्ञान प्राप्त गरे। के ज्ञान यति सजिलो छ कि खीर खानासाथ प्राप्त भयो ? के ज्ञान यति कठिन छ कि उपवास नगरी प्राप्त हुँदैन ? ज्ञान यति सस्तो छैन कि खीर खाएर प्राप्त होस् वा कसैले लामो उपवास गरेर प्राप्त होस्। तर दुवैको संयोगको वैज्ञानिकता अवश्य छ होला र हुनुपर्छ जसको ज्ञान सम्भवतः बुद्धको गुरुमा थिएन। यसको अलावा पनि कतिपय अरू कुरा पनि हुन सक्छन्, जसलाई स्वयम् बुद्धले आर्य सत्य आदिको रूपमा बताएका छन्। जुन यस लेखको विषय होइन। हुनत बुद्धले भनेका छन् कि ज्ञान प्राप्त गर्नको लागि शरीरलाई दुःख दिन जरुरी छैन। तर मेरो विचारमा उनको लामो उपवासको नै फल थियो कि उनको ज्ञानप्राप्ति जसको उचित व्यवस्थापन उनको गुरुले गर्न सकेनन्। खीरले त्यो व्यवस्थापन गरिदियो। तर बुद्धले पनि बुझ्न सकेनन् शरीरको जटिल प्रक्रिया किनभने उनी कुनै शरीरक्रिया वैज्ञानिक त थिएनन्। उनलाई लाग्यो कि त्यति तप बेकारको थियो। तर मेरो विचारमा त्यसो होइन। त्यस तपश्चर्याको गहिरो अर्थ छ, जसको वैज्ञानिक खोज गरे जापानको वैज्ञानिकले र सन् २०१६ को नोबेल पुरस्कार पाए। यसरी यस गहन विषयको वर्णन गर्दै जाँदा सबै कुरा खुलस्त हुँदै जान्छ। तर मलाई अचम्म त यसमा लाग्छ कि यस बहुमूल्य कुरासँग हाम्रा पुर्खा कसरी परिचित भए ? र आफ्नो सभ्यताको सर्वसाधारणसमेतमा प्रवेश गराए ? एक अनपढ महिला जो यस बहुमूल्य विज्ञानसँग सर्वथा अपरिचित भएपनि व्रत गरी उपवासको फाइदा उठाइरहेकी छन्। अरू उपवास नगरे पनि नूनको उपवास त अवश्य गर्नुपर्छ। यो धेरै फाइदाजनक छ। त्यो कसरी ? अब यो जानौं।



उपवासको १२ घण्टासम्ममा ग्लुकोज समाप्त हुन्छ। फैट किटोन बन्छ र त्यसले ऊर्जा दिन थाल्छ। न्युट्रिशनको कमीमा शरीरका अन्य अवयवमा क्षति पुग्छ तर आश्चर्यजनकरूपमा दिमागको अझ बढी सशक्तीकरण हुन्छ। दिमागले निर्बाधरूपले किटोनबाट ऊर्जा प्राप्त गरिरहेको हुन्छ। दिमागबाट बन्ने सबै हार्मोन र कैटेकोलामाइन विचित्ररूपले बढेको बढ्यै हुन्छ। यस्तो लाग्छ कि दिमाग शरीरको बाँकी भागबाट भिन्न एक अलग अस्तित्व हो। जहाँ बाँकी भाग कमजोर हुन्छ र दिमाग मजबूत हुन्छ। तर वास्तवमा बाँकी भाग दुब्लो भएपनि उपवास तोडेपछि सक्रियता बढ्छ। पाठकवृन्द, प्रत्येक मानिसको दिमागको 'साउन्डनेस व्रेन'ले स्राव गरेको हार्मोन र कैटोकोलामाइनको स्तरमा हुन्छ। यसै अनुसार कोही केनेडी वा राजेन्द्रप्रसाद हुन्छन्। यसै अनुसार कोही बोपदेव र पछि स्तर बढेपछि व्याकरणको प्रकाण्ड विद्वान् बोपदेव बन्छन्। यसै स्रावले मूर्ख कालीदास र कालीको वरदानपछि यही स्राव बढेपछि महाकवि कालीदास बन्छन्। बुद्धलाई ज्ञान प्राप्त यिनै स्राव बढेर भएको नहोला भन्न गाह्रो भएपनि केवल खीरले उनले ज्ञान प्राप्त गरेको कुरा बेमतलबको हो। अब शरीरका अन्य अवयवमा भएको परिणाम पनि हेरौं : न्युट्रिशन नमिलेको कारणले शरीरको कमजोर र बूढो कोशिकाहरू टुट्न थाल्छन्। न्युट्रिशन नमिलेको कारण स्वस्थ कोशिकाले अब त्यही कमजोर र बूढो कोशिकाको टुटेका भागलाई खान शुरू गर्छ र त्यसको ठाउँमा ताजा र नयाँ कोशको निर्माण हुन्छ। यसरी आफ्नै शरीरको कोशलाई आफ्नै शरीरको कोशिकाले खाने प्रक्रियालाई अटोफैजी वा स्वपक्ष सफाइ भनिन्छ। सफाइ यस कारण कि बूढो र कमजोर कोशको के काम ? यो क्रिया कोशको लाइसोसोम नामक हिस्साले गर्छ, जसको पत्ता जापानी वैज्ञानिक ओसिनोरी ओसिमुले लगाएका थिए र सन् २०१६ को नोबेल पुरस्कार पाए। लाइसोसोम कोशभित्रको एक रचना हो, जसको सर्वप्रथम बेल्जियमका क्रिश्चियन डी डुबेले पत्ता लगाएर सन् १९७४ को नोबेल पुरस्कार पाइसकेका थिए। प्रत्येक कोशमा ५० देखि १००० को सङ्ख्यामा हुन्छन्। यही लाइसोसोममा कसरी अटोफैजी हुन्छ, त्यसैको पत्ता ओसिनिरी ओसिमुले लगाएका थिए। उनी जापानको फुकुआकामा जन्मे, टोकियो विश्वविद्यालयमा अध्ययन गरे, केही दिन अमेरिका गए र फर्केर यसको पत्ता लगाए। निर्जला उपवासमा शरीरको कोशबाहिर रहेको पानी कोशको भित्र जान्छ किनकि भित्र पानीको आवश्यकता बढी हुन्छ र बाहिरको भाग खाली हुन्छ किनभने पानी कोशको जीवनको लागि पहिले जरुरी हुन्छ। बाहिरी भागको मतलब इसिएफ त्यसरी नै खाली हुन्छ, जसरी एक वा दुई दिन मोटर नचलाए घरको पानीटङ्की खाली हुन्छ। त्यसपछि मोटर चलाएर ख्याल गर्नुस्, टङ्कीको फेदको फोहोरसमेत पानी पहिले नलमा आउँछ। त्यसको केहीबेरपछि नै सफा पानी नलमा आउँछ। अतः टङ्की एक प्रकारले बढी सफा हुन्छ। ठीक त्यस्तै निर्जला उपवासमा कोषको बाहिरको भाग टङ्की जस्तै सफा हुन पुग्छ। तर सावधान। हरेक कुराको मात्रा हुन्छ। निर्जला उपवास २४ देखी ४८ घण्टाभन्दा बढी गर्न सकिंदैन। गरियो भने मिर्गौलामा असर मात्रै पार्दैन फेल पनि हुन सक्छ। लामो उपवासमा एसिटोनले गर्दा सास बेस्सरी गन्हाउँछ, जसलाई च्युइङ्गम चपाएर ठीक गर्न सकिन्छ। पाँच दिनसम्मको उपवासको सिफारिश म गर्न सक्छु तर हाम्रो संस्कृतिमा प्रचलित उपवास नै शरीरको लागि उपयोगी छ भने शरीरलाई बढी पीडा किन दिने ? अटोफैजी नित्य शरीरमा भइरहने प्रक्रिया हो। व्यायाम र उपवासले त्यस प्रक्रियालाई बढाउँछ र नयाँ कोश निर्माणमा सहयोगी हुन्छ। इति।

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा एकै परिवारका छजना मृत अवस्थामा

अम्बाला, १० भदौ/एएनआई

भारतमा शुक्रवार एउटै परिवारका छजना मृत अवस्थामा भेटिएका छन् । देशको अम्बाला अन्तर्गत पर्ने बालाना गाउँका एकै परिवारका छजनाको मृत्यु भएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् ।


तस्वीर: एएनआई

घटनाबारेमा जानकारी पाउने बित्तिकै प्रहरी घटनास्थल पुगेको थियो। प्रहरीले घटनास्थलमा उनीहरूले मृत्यु अगाडि लेखेको पत्र समेत भेटिएको जनाएको छ। तर पत्रमा लेखिएको विषय भने प्रहरीले जानकारी दिएको छैन ।

घटनामा ६५ वर्षका सङ्गत राम, ३४ वर्षका सुखविन्दर सिंह, सङ्गतकी पत्नी महिन्द्रा कौर, सुखविन्दरकी पत्नी रीना, सिंहका दुई छोरीहरू अंशु र जस्सीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

उनीहरूको मृत्युको कारण भने अहिलेसम्म खुलेको छैन। तर प्रारम्भिक अनुसन्धानबाट उनीहरूले आत्महत्या गरेको आशङ्का गरिएको छ । प्रहरी उपनिरीक्षक जोगिन्दर शर्माले घटनाका बारेमा अनुसन्धान भइरहेकाले थप विवरण आउन बाँकी नै रहेको जानकारी दिए ।

उनीहरूको शव जम्मुमा रहेको सरकारी मेडिकल कलेजमा राखिएको छ । घटनाका बारेमा बुझ्न प्रहरीले स्थानीय र उनीहरू निकटस्थसँग बयान लिएको छ। रासस

# आर्थिक सङ्कट र कोभिडका कारण बाल अधिकार हनन

बेरुत, १० भदौ/सिन्ह्वा

लेबनानमा पछिल्लो समयमा देखा परिरहेको आर्थिक सङ्कट र कोभिड-१९ को महामारीका कारण यहाँका बालबालिकाको अधिकार खुम्चिँदै गएको पाइएको बताइएको छ ।

समाचारमा जनाइए अनुसार आर्थिक सङ्कटका कारण यहाँका बालबालिकाले पाउने शिक्षा, स्वास्थ्यलगायतका कैयौं आधारभूत अधिकारहरूमा पनि कटौती भइरहेको छ ।

संयुक्त राष्ट्रसङ्घीय बालकोषले बिहीवार सार्वजनिक गरेको एक प्रतिवेदनमा सो कुरा उल्लेख गरिएको पाइएको छ ।

बाल सिर्जना, खेल्ने अधिकार, शिक्षा तथा अन्य आधारभूत स्वास्थ्यको अधिकारबाट पनि यहाँका बालबालिका दिन प्रतिदिन वञ्चित हुँदै गएका सो एजेन्सीले प्रकाशन गरेको अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएको छ ।

खासगरी यहाँ पछिल्ला दिनहरूमा आर्थिक सङ्कटका कारण चर्को मूल्यवृद्धि भएको र बेरोजगारी दर पनि दिनहुँ बढ्दै गएको छ। यसका कारण यहाँका मानिसहरू गरीबीको चपेटामा पर्दै गएका छन्। बुबाआमामा गरीबी तथा महँगीको समस्या आएपछि उनीहरूका छोराछोरीका आधारभूत बालअधिकारका सुविधाहरूमा पनि कटौती हुन पुगेको बताइएको छ ।

विश्वमा कोभिड-१९ को सङ्क्रमणले समस्या पारिरहेको छ। त्यस्तै, पछिल्ला केही महीनायता आर्थिक सङ्कट र महँगीको समस्या पनि उत्पन्न भएको छ ।

यसले गर्दा विश्वका अरू देशको जस्तै लेबनानमा पनि आर्थिक अभाव देखिएको छ । कोभिडका कारण अर्थतन्त्र पनि सङ्कटमा पर्न लागेको बताइएको छ ।

सो अध्ययनले लेबनानका ८० प्रतिशतभन्दा बढी नागरिकले घरमा आवश्यक पर्ने न्यूनतम आवश्यकता पूर्ति गर्नका लागि खर्च गर्न पनि नसक्ने अवस्थामा पुगेको देखाएको छ। रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | कार्यनाश | वृष | उदरपीडा |
| मिथुन | विजय | कर्कट | धनखति |
| सिंह | भाग्योदय | कन्या | बेचैनी |
| तुला | मनोरञ्जन | वृश्चिक | कर्मप्राप्ति |
| धनु | प्रगति | मकर | वादविवाद |
| कुम्भ | व्यापारवृद्धि | मीन | कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

एक साताभित्र टाँगियाबस्ती....
बुझाएको थियो ।

### टाँगियाबस्तीमा जङ्गली हात्तीको आतङ्क

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१६ टाँगियाबस्तीमा एक महीनायतादेखि जङ्गली हात्तीको आतङ्क बढेको स्थानीयले जानकारी दिएका छन् । चारकोसे झाडीको मध्य भागको राष्ट्रिय वन क्षेत्रमा रहेको यस बस्तीमा पटक-पटक आएको हात्तीको बथानले बालीनाली नष्ट गरेको छ । बस्तीमा लगाइएको केराबालीलगायत अन्य बालीसमेत गरी पाँच लाख मूल्यभन्दा बढी क्षति गरेको पीडित स्थानीयहरूको अनुमान छ। "टाँगियाबस्तीमा लगाइएको करीब ४०/५० हजार केराबाली हात्तीले नष्ट गऱ्यो," एकजना पीडितले भने।


Laxmi shree Multiple College
Samanpur, Rautahat

**Invitation for Bids for the Construction of Building Work.**

Gadhimai Municipality, Rautahat
Date of publication:- 2079/05/06

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of Construction of Building Work intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Building work of Bidding is open to all eligible bidders as per Section V of Bidding Document
2. Laxmi shree Multiple College Samanpur, Rautahat invites seal bids from eligible bidders for the Construction of Building work work under National Competitive Bidding-Single Stages

| S.n. | Name of Project | Contract ID | Bid Security | Cost of Bid Doc. | Estimated amount |
|---|---|---|---|---|---|
| 1 | Building construction work | Gadhimai/RD/01/079/080 | 161250.000 | 3000.00 | 6450000.00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Laxmi Shree Multiple college, Samanpur, Rautahat, Nepal
4. A complete set of Bidding Documents & Site Visit Report may be purchased from the office Laxmi shree multiple college, Samanpur, Rautahat, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of according above stated in Table till 05-06-2079 17:00 during office hours.

**Information to deposit the cost of Bidding document in Bank:**
Name of the Bank: Ra. Ba, bank, Garuda, Rautahat
Name of the Office: Laxmi Shree Multiple College, Samanpur, Rautahat, Nepal
Office Account no: 17101000025094001

**Information to deposit the Dharauti in Bank:**
Name of the Bank: Ra. Ba. bank, Garuda, Rautahat
Name of the Office: Laxmi Shree Multiple College, Samanpur, Rautahat, Nepal
Office Account no: 17101000025094001

5. Sealed bids must be submitted to the office Laxmi shree multiple college, Samanpur, Rautahat, Nepal on or before 06-06-2079 12:00 pm. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 06-06-2079 13:00 hours at the office of GadhiLaxmishree Multiple College, Samanpur, Rautahat, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security an amounting to a minimum stated in above table which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Laxmishree Multiple College,**
**Samanpur, Rautahat**


# निर्वाचन कार्यालयद्वारा सरोकारवालाहरूसँग अन्तरक्रिया

प्रस, रौतहट, १० भदौ/

'स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन राष्ट्रको गौरव' मूल नाराका साथ जिल्ला निर्वाचन कार्यालय, रौतहटको आयोजनामा मतदाता नामावली अद्यावधिक दाबी-विरोधसमेत कार्यक्रम २०७९ सम्बन्धी सरोकारवालाहरूसँग अन्तर्क्रिया कार्यक्रम शुक्रवार जिल्ला समन्वय समितिको सभाकक्षमा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि जिसस, रौतहटका सभापति रामअयोध्या राय यादवले निर्वाचनसम्बन्धी क्रियाकलाप गाउँमा गर्न सुझाव दिए ।

निर्वाचनसम्बन्धी कार्यक्रमहरू निर्वाचित भएका प्रतिनिधिहरूका मानिसले मात्र थाहा पाउने गरेको बताए। अन्य दलका मानिस तथा जनप्रतिनिधिहरूलाई जानकारी हुन कठिनाइ भइरहेकोले सार्वजनिकरूपमा वडाहरूमा कार्यक्रम गर्न सुझाव दिए ।

निर्वाचन कार्यालय, रौतहटका प्रमुख छोटेलाल दासले निर्वाचनसम्बन्धी तथा मतदाता नामावली अद्यावधिक दाबी-विरोधसमेतका बारेका जानकारी गराउँदै वडा कार्यालयहरूमा सम्पूर्ण क्रियाकलाप टाँस गर्न स्थानीय तहका पदाधिकारीहरूलाई निर्देशन दिएको बताए। कार्यक्रममा सहभागी दलका प्रतिनिधिहरूले गुनासो तथा सुझावसमेत दिएका थिए ।

# कपडासहित ट्रक राजस्व चलान

प्रस, वीरगंज, १० भदौ/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलभन्दा बढी लत्ताकपडा तथा खुद्रा सामानहरू लोड रहेको ट्रकलाई नियन्त्रणमा लिएको छ ।

वडा प्रहरी कार्यालय, बिर्ताले शुक्रवार बिहान वीरगंज-१० आदर्शनगरबाट ना.२ ख ९००४ नम्बरको ट्रक चेकजाँच गर्दा विभिन्न किसिमका कपडाहरू बरामद भएको र कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको जिप्रका, पर्साले जनाएको छ ।

# चितवनका तीनवटा फार्मेसी सील

प्रस, परवानीपुर, १० भदौ/



तस्वीर: सौजन्य

चितवनमा दर्ता नै नगरी सञ्चालित रहेका तीनवटा फार्मेसीलाई औषधि व्यवस्था विभाग, वीरगंजले सिल गरेको छ। सूचना पाउनासाथ औषधि व्यवस्था विभागले अनुगमन गर्दा दर्ता नै नगरी सञ्चालित रहेको हुँदा तीनवटा फार्मेसीलाई सिल गरेको हो ।

चितवनको माडी वडा नं ३ मा सञ्चालित जनसेवा हेल्थ क्लिनिक, योगदान हेल्थ क्लिनिक र जीवन हेल्थ क्लिनिकलाई सिल गरिएको हो ।

मानव स्वास्थ्यसँग जोडिएको संवेदनशील वस्तुको बिक्री वितरणमा खेलवाड गर्नेहरूलाई हदैसम्मको कारबाई हुने औषधि व्यवस्था विभाग, वीरगंजका प्रमुख मुकेन्द्र पञ्जियारले बताए। उनले आफ्नो कार्यक्षेत्रभित्र गलत क्रियाकलाप गर्नेहरूमाथि कडारूपले उत्रिने र कारबाई गर्ने बताए ।

आगामी दिनमा समेत निरीक्षण, अनुगमन तथा अनुगमनको क्रममा देखिएका कमीकमजोरीलाई सुधार गर्न कारबाई गर्ने विभाग, वीरगंजका फार्मेसी अधिकृत तथा औषधि निरीक्षक सरफराज अहमद खानले जानकारी दिए।

# प्रजिअमार्फत स्थानीय विकासमन्त्रीलाई ज्ञापन

प्रस, वीरगंज, १० भदौ/

नेकपा माओवादी मधेस प्रदेश समितिका सदस्य सलाउद्दीन अहमदले सङ्घीय मामिला तथा प्रशासनमन्त्रीलाई सहायक प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाएका छन् ।

धोबिनी गाउँपालिकाले सरकारले निर्देश गरे अनुसार आर्थिक वर्षको बजेट असार मसान्तसम्म पारित गर्न नसकेको र जनप्रतिनिधिहरू आपसी भागबन्डा नमिलेर झगडा गरिरहेको उल्लेख गरेका छन् । भागबन्डाकै कारण धोबिनी गापाको आव २०७७/७८ मा १० करोड ३१ लाख बेरुजू भएको भन्दै यसले गापाको गरिमा घटेको उल्लेख गरेका छन्। उनले गाउँसभा सात दिनभित्र सम्पन्न गर्न र त्यसो नभए नेकपा माओवादी केन्द्रले गापामा आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

यसैगरी, माओवादी केन्द्रका अर्का मधेस प्रदेश समितिका सदस्य कृष्णमोहन प्रसादले पनि सप्रजिअ भीमकान्त पौडेलमार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका मन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

जगरनाथपुर गापाका जनप्रतिनिधिले सामाजिक सुरक्षा भत्ता, कोरोना भत्ता वितरण नगरेको र रासायनिक मल वितरणमा अनियमितता गरेको आरोप लगाएका छन् । यो समस्या पनि सात दिनभित्र समाधान नभए आन्दोलन गर्ने उनले चेतावनी दिएका छन् ।



# महिलाले अधिकार नपाएसम्म देशको विकास हुँदैन

प्रस, वीरगंज, १० भदौ/

समाजवादी महिला सङ्घ नेपाल, पर्साको आयोजनामा भेला तथा प्रशिक्षण कार्यक्रम शुक्रवार जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि वन तथा वातावरण मन्त्री प्रदीप यादवले अहिले पनि महिलाहरू अधिकारबाट वञ्चित रहेको बताए । महिलाहरूले अधिकार नपाएसम्म देशको विकास नहुने बताए ।

इन्दुदेवी यादवको सभापतित्वमा भएको कार्यक्रममा सङ्घका उपाध्यक्ष पिङ्की यादव, प्रदेश सरकारका अर्थ राज्यमन्त्री उषा देवी, प्रदेश सांसद करिमा बेगम, भीमा यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

भेलाले जिल्ला कार्यसमितिको अध्यक्ष इन्दुदेवी यादव, उपाध्यक्ष सुनीता शर्मा, राबडी देवी, सचिव प्रेरणा श्रेष्ठ, सहसचिव प्रेमा सिंह र कोषाध्यक्षमा रमिता गुप्तालगायत सदस्यहरू चयन गरेको छ।

# कुर्था-जयनगर रेलसेवा : यात्रुको चाप उच्च

काठमाडौं, १० भदौ/रासस

जनकपुर आसपासका बासिन्दा कुर्था-जयनगर रेल सञ्चालन हुँदा उत्साहित भएपनि रेलसेवाको क्षमता कम हुँदा स्थानीयवासीको माग पूरा गर्न सकेको छैन।

दैनिक एउटा रेल दुईपटक आउने र जाने गर्दा धेरै यात्रु चाहेर पनि रेल चढ्न पाइरहेका छैनन् ।

झन्डै तीन सय सिट क्षमता रहेकामा खाँदिएरसमेत झन्डै सात सय यात्रु चढिरहेको नेपाल रेलवे कम्पनी लिमिटेडले जनाएको छ ।

दुईवटा रेल भएपनि नियमितरूपमा एउटा मात्रै सञ्चालन गर्न सकिएको कम्पनीका महाप्रबन्धक निरञ्जन झाले बताए। उनका अनुसार नियमित मर्मतका लागि र एउटा रेल बिग्रँदा अर्कोले सहायता गर्नुपर्दा एउटा मात्रै नियमित सञ्चालन हुँदै आएको छ ।

यहाँ बसलगायतका सवारीसाधन नियमित नभएको र भाडादर पनि बढी हुँदा यात्रु रेलप्रति नै आकर्षित रहेका छन्। उनले भने, "अबका महीनामा यात्रु अझै बढ्ने भएपनि रेलको क्षमता नै कम छ।"

# लागूऔषधसहित दुईजना पक्राउ

प्रस, सिम्रौनगढ, १० भदौ/

रौतहटको बौधीमाई नगरपालिका-८ टोल बङ्कुल बजारबाट लागूऔषधसहित एकजना महिलासहित दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भारत पूर्वी चम्पारण घोडासहन पुरनैया-६ निवासी ४१ वर्षीय सुरेन्द्रप्रसाद जयसवाल र सोही ठाउँ निवासी ३५ वर्षीया सुनीता देवी रहेकी छन् ।


गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय, रौतहट र प्रहरी चौकी बङ्कुलका प्रमुख सहायक निरीक्षक सुनीलकुमार यादवको संयुक्त टोलीले चेकजाँच गर्दा बीआर ०५ ४३३२ नम्बरको मोटरसाइकलमा सवार दुवैजनासँग डाइपेजाम, फेनारगन, बुप्रेन्फिन ५/५ सय थान गरी १५ सय थान लागूऔषध बरामद भएको छ । पक्राउ परेका दुवैजनाविरुद्ध आवश्यक कारबाई भइरहेको प्रहरी उपरीक्षक वीरबहादुर बूढामगरले बताए ।

# लघुकथा विचारगोष्ठी तथा पुरस्कार वितरण कार्यक्रम

प्रस, वीरगंज, १० भदौ/

मधेस प्रदेश कमिटीको आयोजनामा लघुकथा नेपालको १४औं वार्षिकोत्सव तथा लघुकथा विचारगोष्ठी शुक्रवार सम्पन्न भएको छ।

सिद्धार्थ इन्टरनेशनल कलेज, वीरगंजको प्रायोजन रहेको कार्यक्रमका प्रमुख अतिथि समाजका प्रदेश अध्यक्ष डा विश्वम्भरकुमार शर्माले लघुकथा आजको सन्दर्भमा कति प्रभावकारी र पठनीय छ भन्नेबारेमा चर्चा गरेका थिए।



तस्वीरः सौजन्य

उनले लघुकथा लेखनका शिल्पविधानको सहभागीहरूलाई जानकारी गराएका थिए।

कार्यक्रममा प्राध्यापक सचिदानन्द सिंह, शर्मिष्ठा श्रेष्ठ र विनयराज गौतमले लघुकथामाथि प्रकाश पारे।

कार्यक्रममा डा सुषमा तिवारीले लघुकथाले जीवनको गतिशीलतामा पार्ने प्रभाव र साहित्यमा यसको स्थानबारे चर्चा गरिन्।

कार्यक्रममा उत्कृष्ट कथावाचक प्रभात जयसवाल र ज्योति प्रजापतिलाई पुरस्कृत गरिएको थियो। डा केशवकुमार यादव, वीरेन्द्र पण्डित, सञ्जयभक्त श्रेष्ठ, रेखाकुमारी मिश्रलगायतको सहभागिता रहेको कार्यक्रमको सञ्चालन अनिलकुमार यादवले गरेका थिए।

## जसपाको क्षेत्रीय भेला

प्रस, पोखरिया, १० भदौ/

जनता समाजवादी पार्टी नेपालको क्षेत्रीय भेला पर्साको क्षेत्र नं २ मा सम्पन्न भएको छ।

धर्मेन्द्रप्रसाद महतो थारूको अध्यक्षतामा प्रदेशसभा क्षेत्र (क)को समन्वय समिति गठन गरिएको छ। समितिको उपाध्यक्षमा चन्द्रकली सहनी, नन्दुराउत कुर्मी, नन्दराम, सचिव टनकबहादुर क्षेत्री, उपसचिव प्रभुनाथ पटेल, लालबाबू यादव, रूपेश चौरसिया र कोषाध्यक्षमा हरेन्द्र साहलगायत सदस्यहरू छन्।

क्षेत्रीय अध्यक्ष कामेश्वर पण्डितको अध्यक्षता भएको कार्यक्रममा प्रदेशसभा सदस्य करिमा बेगम, सिंहासन साह कलवार, जसपाका केन्द्रीय सदस्य जनार्दन यादव, सुरेन्द्रप्रसाद कुर्मी, महाराज यादव, गौरीशङ्कर साह तेली, जिल्ला अध्यक्ष रामनरेश प्रसाद यादवलगायतको सहभागिता रहेको सचिव तबरेज अहमदले जानकारी दिए।

# शपथग्रहण तथा पुरस्कार वितरण कार्यक्रम

प्रस, परवानीपुर, १० भदौ/

वीरगंज महानगर-१३ राधेमाईमा सञ्चालित साउथजोन माविले विद्यार्थी परिषद्को शपथग्रहण तथा पुरस्कार वितरण समारोह सम्पन्न गरेको छ।



तस्वीरः प्रतीक

विद्यालय परिसरमा भएको कार्यक्रममा यस वर्ष निर्वाचित भएका विद्यार्थीहरूको चारवटा सदनका पदाधिकारीहरूलाई शपथ खुवाइएको थियो।

विद्यार्थी जीवनमा विद्यार्थीहरूमा नेतृत्वदायी क्षमता विकास गर्न विद्यालयले हरेक वर्ष उत्कृष्ट प्रतिभा र क्षमता भएका विद्यार्थीहरूबीच प्रतिस्पर्धा गराइ चारवटा सदन निर्वाचित गराउने गरेको छ।

चारवटा सदनका विद्यार्थीहरूलाई पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले ब्याच वितरण गरेका थिए।

विद्यालयका प्रिन्सिपल सरोज चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज महानगर-१३ का अध्यक्ष हीरा गिरी, नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारी, अभिभावक सङ्घ पर्साका अध्यक्ष अमर गौतम, प्याब्सनका केन्द्रीय सदस्य छेदुप लामालगायतको सहभागिता थियो।

कार्यक्रममा २०७८ सालको परीक्षामा प्रथम, द्वितीय, तृतीय स्थान ल्याउने विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो भने सोही अवसरमा वडाध्यक्ष गिरीलाई सम्मानित गरिएको थियो।

सो अवसरमा विद्यार्थीहरूले मार्चपासलगायत सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरेका थिए।

# खेलकूदको संसार

## तीज कप नकआउट फूटबल प्रतियोगिता

### हरियाली युवा क्लब, निर्मल समाज युवा क्लब र जनकल्याण तमु समाज विजयी

चिरञ्जीवी सापकोटा, ठोरी, १० भदौ/

ठोरी गाउँपालिका वडा नं १ मा जारी तीज कप नकआउट फूटबल प्रतियोगिताको दोस्रो चरणको पहिलो दिनको खेलमा हरियाली युवा क्लब, निर्मल समाज युवा क्लब र जनकल्याण तमु समाज क्लब, माडी विजयी भएका छन्।



पहिलो खेलमा हरियाली युवा क्लबले सनराइज युवा क्लबलाई पराजित गरेको थियो। निर्धारित समयमा दुवै टीमले १/१ गोल गरेपछि टाइब्रेकरमा हरियाली विजयी भएको हो। पहिलो खेलको 'म्यान अफ दी म्याच' हरियालीका गोलरक्षक रोशन तिमल्सिना घोषित भए।

दोस्रो खेलमा निर्मल समाज युवा क्लबले रेडहिल युनाइटेडलाई २-० गोल अन्तरले पछि पार्दै विजयी भएको हो। यस खेलमा निर्मल समाजका गोलरक्षक प्रकाश लामा 'म्यान अफ दी म्याच' घोषित भए।

तेस्रो खेलमा आयोजक निर्मल समाज क्लब 'बी'लाई जनकल्याण तमु समाज माडीले ०-७ गोल अन्तरले पराजित गर्‍यो। यस खेलको 'म्यान अफ दी म्याच' आशिष गुरुङ घोषित भए।

भोलिको पहिलो खेल श्रीस्टार युवा क्लब, ठोरी र युवा दर्शन क्लब, माडी, दोस्रो खेल सुवर्ण युवा क्लब, सुवर्णपुर र वनशक्ति युवा क्लब, ठोरी तथा अन्तिम खेल युनिक युनाइटेड र वनदेवी युवा क्लबबीच हुने आयोजक समितिका अध्यक्ष जगेन्द्र पौडेलले जानकारी दिए।

## पूर्वखेलाडी श्रेष्ठ मानार्थ उपाध्यक्षमा मनोनीत

प्रस, वीरगंज, १० भदौ/



फूटबल सङ्घ पर्साले पूर्वफूटबल खेलाडी हरिबहादुर श्रेष्ठलाई सङ्घको मानार्थ उपाध्यक्षमा मनोनीत गरेको छ। सङ्घका अध्यक्ष अनिलकुमार कलवारले श्रेष्ठ फिफा कोर्स १९८७ अगार्डिङ कोचिङ कोर्स १९८९, फुटुरो कोचिङ कोर्स १९९५ को अनुभव प्राप्त फूटबलर भएका र तत्कालीन नारायणी अञ्चलस्तरीय खेलमा सर्वाधिक नाम कमाएका र अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीबाट दुईपटक सम्मानित भएका उनलाई मानार्थ उपाध्यक्षमा मनोनीत गरिएको बताए।

पूर्वफूटबलर श्रेष्ठ पर्सा जिल्लाको वरिष्ठ फूटबल प्रशिक्षक रहिसकेका र फूटबल सङ्घको उपाध्यक्षसमेत भएकाले उनलाई मनोनीत गरिएको बताएका छन्।

## कुशे औंसीको अवसरमा पितृ दिवस कार्यक्रम

प्रस, वीरगंज, १० भदौ/

वीरगंजस्थित ज्ञानदा माविमा कुशे औंसीको अवसरमा पितृ दिवसको कार्यक्रम आयोजना भएको छ।


तस्वीरः प्रतीक

कार्यक्रममा प्रमुख अतिथि डा मनोजकुमार गुप्ताले बालबालिकालाई आफ्नो संस्कार र परम्पराप्रति जागरूक बनाउन विद्यालयको अहम् भूमिका रहने बताए।

विद्यालयका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाको सभापतित्वमा भएको कार्यक्रममा विद्यालयका निर्देशक केशव सरावगी, सहायक प्रधानाध्यापिका जागृति मिश्र, विद्यार्थी र अभिभावकहरूको सहभागिता थियो।

## तीज तडकभडकरहित मनाऔं -चौहान

प्रस, वीरगंज, १० भदौ/

नेपाल पत्रकार महासङ्घ, पर्साको आयोजनामा शुक्रवार वीरगंजमा तीजको दरखाने कार्यक्रम सम्पन्न भएको छ। पत्रकार महिलाहरूको लागि प्रत्येक वर्ष शाखाले आयोजना गर्दै आएको तीजको दरखाने दिनको उद्घाटन महासङ्घका केन्द्रीय सचिव दीपेन्द्र चौहानले गरेका थिए।



तस्वीरः प्रतीक

उनले हिन्दू धर्म, संस्कृतिको जगेर्ना गर्नुका साथै तीजलाई तडकभडकरहित मनाउन सुझाव दिए। उनले पत्रकार महिलाहरूलाई कलमको माध्यमबाट महिलाहरूविरुद्ध हुने सबैखाले भेदभावको उजागर गर्न आग्रह गरे।

शाखा अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा महासङ्घका सदस्य केसी लामिछाने, प्रदेश महासचिव श्याम बन्जारा, प्रेस युनियनका केन्द्रीय सदस्य नीलिमा पौडेल, कविता खड्का, माधुरी महतो, प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा सञ्जीव मिश्रले स्वागत र तिवारी यादवले सहजीकरण गरेका थिए।

यसैगरी, छपकैया गुठीको आयोजनामा शुक्रवार वीरगंज-२ छपकैयाको तुतबारीमा तीजको दर खाने कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको उद्घाटन उपप्रमुख इम्तियाज आलमले गरेका थिए। उनले महिलाहरूको महान् पर्व तीज सामाजिक कुरीतिविरुद्ध हर्षोल्लासका साथ मनाउन सुझाव दिए। पछिल्लो समयमा तीज पर्वको अवसरमा आयोजित दरखाने कार्यक्रम आलोचित हुँदै गएकोमा यसमा सुधार ल्याउन सुझाव दिए।

गुठीका अध्यक्ष धीरज शर्माको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष महम्मद रियाज मियाँ तेली, वप्रका बिर्ताका प्रनि विशाल मल्ल, सङ्गीता थापा भुजेल, रम्भा देवी, बशिर मियाँ हजामलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा गुठीका प्रवीण विक्रम शाह, राजेश राणा, प्रकाश साह, सुनील सुवेदी, शम्भु थापा, कृष्ण कार्कीलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण सचिव अजित भुजेलले गरेका थिए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | नेपाल भेटेनरी एशोसिएशन | रक्तदान | घडीअर्वा | ६:०० |
| २. | मञ्जुश्री फाइनान्स | रक्तदान | घण्टाघर | ७:०० |
| ३. | वीरगंज सञ्जाल | रक्तदान | घण्टाघर | ७:०० |
| ४. | मध्यनेपाल साप्ताहिक | रक्तदान | होटल कुमु | ७:०० |
| ५. | भेट्रान्स सिटी क्लब | रक्तदान | होटल मकालु | ८:०० |

## सर्पको टोकाईबाट बचौं र बचाऔं

- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरून्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक)तिर नलागौं,
- आफ्नो नजीकको सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,